**रास्कोट नगरपालिकाका प्रमुख श्री धर्मराज शाही (पोषण) बाट रास्कोट नगरपालिकाको बाह्रौ नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम**

**" हामी बनाउँछौ हाम्रो नगर"**

७ असार २०८०

**आदरणीय नगरसभा सदस्य ज्यूहरु**

**सर्वप्रथम रास्कोट नगरपालिकाको वाह्रौ नगर सभामा यहाँहरु सम्पुर्णलाई हार्दिक स्वागत गर्दछु ।**

इतिहासका विभिन्न काल खण्डमा भएका विभिन्न जनविद्रोह, जनआन्दोलन जनयुद्ध र शान्तिपूर्ण नागरिक आन्दोलनबाट प्राप्त उपलब्धी, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइ नेपालको संविधान २०७२ जारी भएको छ । यसै संविधान तथा कानुनी राज्यको जगमा रहेर विकेन्द्रीकृत शासन प्रणाली अन्तर्गत संघ प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशिल रहेका छन् । जनताका जनजीविकासँग प्रत्यक्ष जोडिएर सुशासन सहितको सेवा प्रदान गर्ने पहिलो र नजिकको सरकार स्थानीय सरकार हो । लोकतन्त्रको सुन्दरता आवधिक निर्वाचन मार्फत मिति २०७९ वैशाख ३० गते भएको दोस्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित भइ दोस्रो पटक नगर सरकारको प्रमुखका हैसियतबाट  रास्कोट नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम, यस गरिमामय सार्वभौम नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रक स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले विभिन्न कालखण्डमा गर्दै आएको ऐतिहासिक जनयुद्ध र जनआन्दोलनहरुमा वलिदानी गर्ने शहीदहरु प्रति हार्दिक श्रदासुमन व्यक्त गर्दै घाइते र वेपत्ता परिवारलाई उच्च सम्मान व्यक्त गर्दछु । नगरवासीले दिएको जनमतको कदर गर्दै उक्त अगाध माया र ममताबाट प्रेरित भई मैले रास्कोट नगरलाई सांस्कृतिक मौलिक पहिचान दिने जीवन्त नगरका रुपमा अगाडि बढाई नेपालमा नगरको गौरवलाई उच्च राख्न केही महत्वपूर्ण नीति तथा कार्यक्रम नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु । रास्कोट गरपालिकाको आगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडि परेका समुदायहरु समेतलाई मध्यनजर गर्दै नगरवासीको सर्वोपरी हितलाई केन्द्रभागमा राखी तयार पारिएको छ ।

सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले रास्कोट नगरपालिकाका कार्यहरुमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भष्ट्राचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ । राष्ट्रको सांस्कृतिक धरोहर मानिने सम्पदा र संस्कृतिलाई सम्वर्धन एवं प्रवद्र्धन गर्ने नीति मार्फत नगरपालिकाका कार्यक्रमहरु निर्देशित हुनेछन् । नगरका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा बातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ । नगर निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघसंस्थाहरुको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने आर्थिक बृद्धिका सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

नेपालको संविधान २०७२ जारी भई मिति २०७८।०१।३० गते सम्पन्न भएको दोस्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित नगर सभाले संवैधानिक व्यवस्था अनुसार हाल सम्म एघारौ नगर सभा सम्पन्न गरि आज हामी बाह्रौ नगर सभासम्म आईपुगेका छौं ।  सभामा उपस्थित सम्पूर्ण नगरसभा सदस्यहरुलाई आफ्नो अमूल्य समय प्रदान गरि नगरसभाको गरिमा बढाई दिनु भएकोमा हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्न चाहन्छु ।

रास्कोट नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम यस गरिमामय बाह्रौ नगर सभा समक्ष प्रस्तुत गरि रहदा यस नगरपालिकामा कृयाशिल सबै राजनितिक दल सरकारी गैरसरकारी संघ संस्थाहरु र सबै नगरबासीको संयुक्त पहल कदमीले यस नगरपालिकाको समग्र विकासमा सहयोग पुगेको छ भन्ने विश्वास लिएको छु ।
सघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयन भईरहेको अवस्थामा निर्वाचित जनप्रतिनिधिहरु मार्फत जनताले आफैलाई शासित गर्ने वातावरण निर्माण भएको सन्दर्भमा रास्कोट नगरपालिकालाई संघियताको मर्म अनुसारका विकास प्रकृयालाई व्यवस्थित रूपमा संचालन गर्न नेपालको संविधान, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका कार्य आदेशहरू,स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकारको विकास सम्बन्धी कार्य लक्ष्य र मान्यताहरू,नेपाल सरकारको नीति तथा कार्यक्रम ,रास्कोट नगरपालिकाको आ.ब. २०८०र२०८१ नीति तथा कार्यक्रम,दिगो विकासका लक्ष्य, विभिन्न राजनितिक दल, बुद्धिजिवी, कर्मचारी, गैरसरकारी संस्था तथा अन्य व्यक्तिहरुबाट आएका सुझावहरुलाई आत्मसाथ गरि आ.व २०८०र२०८१को नीति तथा कार्यक्रम तयार गरिएको छु ।
यस सुनौलो अवसरमा स्थनीय तहले नागरिकहरुलाई प्रवाह गर्ने सेवालाई प्रभावकारी गर्न यस कार्यमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, ब्यवस्थापन कार्यमा संलग्न सबै राजनितिक दल, निजी क्षेत्र, सामुदायिक संघ संस्थाहरु, संचार क्षेत्र, जनप्रतिनिधि ज्यूहरु, राष्ट्र सेवक कर्मचारीहरु लगायत सम्पूर्ण नगरबासीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

## आदरणीय नगसभा सदस्य ज्युहरु

वि.सं २०७३ सालमा स्थापित रास्कोट नगरपालिका तत्कालिन स्युना, सिपखाना र फुकोट गा.बि.स.हरु मिलाएर बनाइएको नगरपालिका हो । नगरपालिकाको क्षेत्रफल समुन्द्री सतहबाट लगभग १७३२ मिटरको उचाईमा रहेको र ५९.७३ वर्ग किलोमिटरमा फैलिइको छ । ३००६ घरधुरीमा ८८८१ जना महिला र ८५४४ जना पुरुष गरि जम्मा १७४२५ जनसंख्या रहेको छ । यस क्षेत्रमा पानीको मुहान प्रचुर मात्रामा भएकाले यस नगरलाई खानेपानी, सिंचाई एबं बिजुली बत्तिको उत्पादनका लागि पनि प्रसस्त सम्भावना रहेको छ ।

कालिकोट जिल्लामा रास्कोट नगरपालिका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण रहेको क्षेत्र तथा समग्र हिन्दु धर्मावलम्वीको आस्थाको केन्द्र मानिने कैलाश मानोसरोवर जोड्ने अन्तर देशीय जमुना हिल्सा सडकको मध्य भागमा रहेको यस रास्कोट नगरपालिकालाई पर्यटकीय आर्थीक विकासको केन्द्रका रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण रास्कोटका धार्मिक क्षेत्र, शीभनाथ, खापरमाडु, कालाशिल्ला, छविसे लगाएतका संरक्षण क्षेत्रहरूको र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने सम्भावना पनि उत्तिकै छ । यस्ता विविध क्षेत्रको विकासमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, पत्रकार तथा नागरिक समाज लगायत रास्कोट बासीको विकास प्रति रहेको चासो रास्कोटको समग्र विकासको लागि अवसरका रूपमा लिएको छु ।

नगर भित्र रहेका बेरोजगार युवाहरुलाई रोजगारी सृजना गरि जिविकोपार्जन सहज गर्नु तथा सबै नगरबासीहरुलाई विकासको मूल प्रवाहमा समावेश गर्न सबै वर्ग, क्षेत्र, जातजाती, उमेर समूह, लिंग, विपन्न वर्ग, असहाय, अपांगता भएका व्यक्तिहरु ल्याई समुन्नत नगर बनाउने चुनौतीको सामना गर्न हामी सबै प्रतिवद्ध छौ ।

## आदरणीय नगसभा सदस्य ज्युहरु

बाह्रौ नगर सभाबाट विभिन्न ५ ओटा विषयगत क्षेत्र पुर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, वन वातावरण तथा विपत व्यवस्थापन र सुशासन तथा संस्थागत विकासमा नीतिहरु पारित गरेका थियौं उक्त नीतिहरु कूनै वार्षिक रुपले पूरा गरिने र कूनै नीति आवधिक हिसाबले कार्यान्वयन गर्ने अवस्थामा हामी छौ, नीतिहरु हाम्रा मार्ग दर्शन हून र यस बाह्रौ नगर सभाले केही नीतिहरुमा गत वर्षकै निरन्तरता र केही नीति तथा कार्यक्रम नौला समेत ल्याउने प्रयास गरेको छु। सबै नीतिलाई कार्यक्रम र बजेटसंग मेल खाने किसिमले लैजानका लागि म यस गौरवमय सभाका सदस्यहरुलाई आग्रह गर्न चाहन्छु।

हामीले सहभागीतात्मक नगर विकास योजना तर्जुमा प्रकृया अवलम्वन गरी बस्ती, टोल र वडास्तरबाट प्राथमिकता हुदै आएका योजनाहरुलाई केन्द्रीय सरकारको मार्ग दर्शन समेतलाई ध्यानमा राखी आ.व. २०८०।०८१ को नीति, कार्यक्रम र नगर विकास योजना तर्जुमा गरिएको प्रस्तुत बजेट नीति तथा कार्यक्रमले यस नगरपालिकाको विकास, उन्नति र प्रगतिका लागि आधार तयार गर्ने छ भन्ने कुरामा म विश्वस्त रहेको छु ।

हामी निर्वाचित प्रश्चात १०औं नगर सभा द्वारा "हामी बनाउछौ हाम्रो नगर" भन्ने मुल नाराका साथ अगाडी बढन खोजेको पथ, देखेका सपना, लिएर हामीले नगर सभा द्वारा प्रथमिकिकरण सहित पारित गरिएका नीती तथा कार्यक्रमको प्रगति समीक्षा प्रस्तुत गर्दछु। मुख्य प्राथामिकतामा राखेका नीति तथा कार्यक्रमहरुको प्रगतिहरु ।

१. **नगर प्रहरीको गठन :-** रास्कोट नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन २०७९ अनुसार एक जना नगर प्रहरी हवल्दार, १४ जना जवान नियुक्ति गरी प्रहरी तालिम केन्द्र सुर्खेत हाल नेपालगञ्जमा आधारभुत तालिम प्याकेज अनुसार ४५ दिनको तालिम प्राप्त गरि नगरपालिकाको शान्ति सुरक्षा तथा अमनचयनमा निरन्तर लागिरहेको। नगरपालिका भित्र ढुङ्गा, गिटि, वालुवा, वन पैदावार, वन्यजन्तुहरुको संरक्षण तथा संबर्द्धन गर्नका लागि लेकालि भेगमा र सान्तिधाटमा नगर प्रहरीको चेक पोष्ट राखी आन्तरिक राजश्व संकलन तिब्रता आएको।
२. **स्मार्ट नगरपालिकाको आधार तयार गर्नका लागि स्मार्ट सिटि:-** आर.सि.पि. बजार लगाएत अन्य क्षेत्रहरुको विस्तृत गूरुयोजना अनुसार स्मार्ट सिटि बनाउने लक्ष्य सहित सधन सहरी विकास आयोजना जुम्ला द्वारा २ कि.मि.सडक कालो पत्रे र ४५ वटो पक्कि सटरहरुको निर्माण कार्य सञ्चालन भएको।
३. **मेयर हेल्थ केयर कार्यक्रम सञ्चालन:- "भरोसा होस नगर माथी, गाउँ घरमा स्वास्थ्य कर्मी साथी"** भन्ने कथनलाइ सार्थक बनाउदै रास्कोट नगरपालिकाको मेयर हेल्थ केयर कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ अनुसार प्रत्येक महिनाको एक पटक एक वडामा जेष्ठ नागरिक, सिमान्तकृत समुदायहरु, गर्भवति महिलाहरु , एकल महिलाहरु , हाल सम्म ८ पटक वडा तथा टोलहरुमा चिकित्सकहरुको माध्यमबाट २०१९ जना सेवा ग्राहीहरु लाभान्वाबित भएका।
४. **नगरपालिकाका सार्वजनिक क्षेत्रहरु व्यवस्थित गर्ने:-** सार्वजनिक क्षेत्रहरुमा लगाइएका घर टहरा खाली गर्ने कार्य कार्यन्वयनमा आएको।
५. **राष्ट्रिय वाणिज्य बैङ्क स्थापना:-**रास्कोटका नागरिकहरुको बैङ्किंग सेवामा पहुँच विस्तार गरी विभिन्न उद्यमी व्यपारी व्यवसायी कर्मीहरुको आर्थिक अवस्था मजबुत बनाउन व्यवसायीक ऋण प्रदान गर्न नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय वाणिज्य बैङ्क स्थापनाको प्रकृया पुरा भई सकेको।
६. **भूमि वर्गीकरण:-** रास्कोट नगरपालिकाको जमिनलाई सदुपयोग गर्न, घर जग्गा मुलीलाई सुरक्षिता गर्न नेपाल सरकारको राष्ट्रिय नीती अनुरूप भु - उपयोग नीति २०७९,भु -उपयोग योजना निर्माण गरि भुमिको वर्गीकरणको लागि सम्बन्धीत निकायमा पेश गरि कार्यन्वयनमा ल्याइएको छ।

७. **सामाजिक सुरक्षा भत्ता घर आँगनमा वितरण:-** रास्कोट नगरपालिकाको सहजिकरणमा ग्लोबल आई एम ई बैंक द्वारा पहिलो, दोस्रो र तेस्रो त्रैमासिक किस्ता वापतको रकम ५८ बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरु र पुर्ण अपाङ्गता भएका लाभग्राहीहरु लाई एक किस्तामा ६२१ जनालाई घर आँगनमै सामाजिक सुरक्षा भत्ता वितरण गरेको।

८. **उप-प्रमुख सशक्तिकरण कार्यक्रम सञ्चालन :-** रास्कोट नगरपालिकाका सम्पुर्ण लक्षित वर्गका कार्यक्रम अनुसार कार्यान्वयनमा ल्यएको।

९. **रास्कोट नगरपालिकाको पहिचान सहितको लोगो निर्माण गरि कार्यन्वयनमा रहेको।**

१०. **एक घर एक धारा कार्यक्रम:-** स्वच्छ खानेपानीको पहुँचमा विस्तार गरी १४७३ घर धुरीमा एक घर एक धारा निर्माण कार्य सम्पन्न भएको।

११. **नागरिक निर्जीवन दुर्घटना बिमा कार्यक्रम:-** रास्कोट नगरपालिका विपत जोखिम न्यूनिकरण गर्न सबै घरहरुको निर्जिवन बिमा गर्न कार्यक्रम अन्तरगत २४९३ घरहरुको निर्जिवन बिमा नगरपालिकाले गरि दिएको।

१२. **रास्कोट अस्पताल:-** रास्कोट नगरपालिकाको स्वमित्वमा रहेको रास्कोट अस्पतालबाट कालिकोट प्रदेश निर्वाचन क्षेत्र "ख" का नागरिकले वर्थिङ् सेन्टर, परिवार नियोजन लगाएतका अन्य स्वस्थ्य सेवा प्रवाह भएको।

१३. **कार्वन ट्रेड संग नगपालिका:-** रास्कोट नगरपालिकाका २००० घर धुरीलाई सुधारिएको चुलो वितरण गरि धुवा न्यूनिकरण नगरपालिका बनाए वापत कार्वन उत्सर्जन गर्न राष्ट्रहरुबाट करीव २० हजार डलर आय वढ्ने।

१४. **विधुत महसुल काउन्टर स्थापना:-** निर्वाचन क्षेत्र ख का नागरिकहरुलाई सुबिधा प्रदान गर्नका लागि रास्कोट र रास्कोट आसपासका नागरिकहरुलाई विधुत महशुल काउन्टर स्थापना गरिएको।

१५. **उब्टीकल फाइवर नेट** :- रास्कोट नगरपालिकामा वर्डलिङ्क उब्टीकल फाईवर मार्फत सबै वडा तथा सेवा कार्यालयहरुमा लाइन विस्तार गरि अन्तिम चरणमा रहेको।

१६. **डिजिटल नगर प्रोफाइल** :- नगर भरका सम्पुर्ण नागरिकहरुको वस्तुस्थितीको जानकारी लिई तथ्याङ्क व्यवस्थापन गर्न डिजीटल प्रोफाईल तयार गरिएको।

१७. **नुनको खाद्य डिपो स्थापना :-** नियमित रुपमा साल्ट ट्रेडिङ्ग कर्पोरिशन लिमिटेड मार्फत ३६०० घर धुरीलाई आयोडिन नुन वितरण गरिएको।

१८. आन्तरिक राजस्व गत वर्ष भन्दा चौगुणा वृद्धिदरमा ल्याइएको। गत वर्ष १६ लाख हाल सम्म ५५ लाख पुगिसकेको

१९. **इलाका प्रशासन कार्यालय :-** कालीकोट जिल्ला प्रदेश निर्वाचन क्षेत्र (ख) का नागरिकहरुको सेवा प्रवाहलाई ध्यान दिदै रास्कोट नगरपालिकामा इलाका प्रशासन कार्यालय स्थापनाको प्रकृया सुरु भएको।

**पूर्वाधार विकासका लागि भौतिक संरचनाहरुको नयाँ निर्माण तथा स्तरोन्नती:-**

१. संघीय सरकार र नगर सरकारको साझेदारीमा प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न भई एकिकृत प्रशासनिक कार्य संचालन भइरहेको ।
२. रास्कोट नगरपालिकाका सबै घर धुरीमा स्वच्छ खानेपानिको पहुँच विस्तार गर्नका लागि बृहत् खानेपानी गेरुखोला र तिलेली खोला दुबै मुहानबाट खानेपानीको टेन्डर भइ कार्य संचालन भएको।
३. दुई वटा वडा कार्यालयहरुको प्रशासनिक भवनको ८० प्रतिशत निर्माण कार्य सम्पन्न भएको।
४. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका सबै आयोजनाको काम सम्पन्न भएको।
५. देउरामालिका सम्मको सडको स्तरोउन्नती भइरहेको।
६. ९ नं वडा कार्यालय जाने नयाँ सडकको विस्तार गरिएको।

७. वडा नं ९ फुकु गाउँ र थोल्ममा राष्ट्रिय प्रशारण  लाइन मार्फत विधुत सञ्चालनमा आएको ।
८. सेरिज्युला बाट बयलडाडा सम्म नयाँ सडक विस्तार गरिएको ।
९. खाली गैरा देखी बयलपाटा सम्म नयाँ सडक विस्तार गरिएको ।
१०. रास्कोट नगरपालिकामा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम र रास्कोट नगरपालिकाको  साझेदारीमा सञ्चालित ६ वटा आयोनाहरु सम्पन्न भएको ।

**आर्थिक विकासः**

नगरका बासिन्दाको गरिबी न्यूनिकरण गर्नु हाम्रो ठूलो चुनौति रहदा रहदै पनि हामीले जनताको जीवनस्तर उठाउनका लागि विभिन्न सिप मूलक कार्यक्रमहरुलाई प्राथमिकता दिएका थियौ । कृषि तथा पशु बिकासको क्षेत्रमा गरिने कार्यलाई अगाडि बढाउन नसकियको अबस्था रहेको छ । नगरक्षेत्र भित्रका १८ बर्ष पुरा गरी ५९ बर्ष ननाघेका २३९८  घर परिबारको बिवरण प्रधानमन्त्री रोजगार कार्यक्रमको केन्द्रीय सर्भरमा इन्ट्रि भएको थियो । जसमा महिला ७६ र पुरुष ९५ जम्मा १७१ प्रधानमन्त्री रोजगारबाट र मुख्य मन्त्री बाट जम्मा २४० जना नागरीकहरुलाई रोजगारी सृजना गरेको र स्थानीय पुर्वाधार सहयोग कार्यक्रममा महिला १२९,पुरुष १२४पुरुष र दलित १२१ जना जम्मा २५३ जना नागरिकलाई रोजगार सृजना गर्न सकिएको । नगरपालिकाले जम्मा ६६४ जनालाई रोजगारी सृजना गर्न सकिएको । परिस्थिति अनुकुल भएको खण्डमा हामी अन्य रोजगारमुलक कार्यक्रमलाई निरन्तरता दिने  प्रकृयामा रहेकाछौं ।

**कृषि तथा पशुपन्छी विकास शाखा**

१. एकिकृत धुम्ति सिविर मार्फत ४३०० जनालाई विभिन्न किसिमका विउ विजनहरु वितरण गरिएको ।
२. रास्कोट नगरपालिकाका सबै घर धुरीहरुलाई एक घर एक ओखरको विरुवा जम्मा ३६०० विरुवा वितरण गरिएको।
३. वडा नं ४ मा ओखर पकेटको रुपमा विस्तार गरी अनुदानको व्यवस्था गरिएको ।
४. वडा नं २ मा प्याज पकेटकोरुपमा प्याजको विउ उत्पादन कार्यक्रम सञ्चालन ।
५. नगरका सबै वडाहरुमा खायन आलुको विउ वितरण कार्यक्रम सञ्चालन भई प्रभावकारी उत्पादन भएको ।
६. बाली पात्रो निर्माण गरिएको ।
७. पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम संचालन भएको ।
८. पशु पन्छिहरुलाई नि शुल्क औषधि वितरण गरिएको ।
**९.** बाली तथा पशुपंक्षी बिमा निःशुल्क गरिएको ।
**१०.** वोयर बाख्रा पकेट स्रोत केन्द्र स्थापना भएको वडा न ९ को लेख वस्तीमा स्थापना गरिएको ।

**उद्योग**

**१.** उद्यमीहरुलाई सिप विकास तालिम प्रदान गरि ८० जना उद्यमी सृजना भई आत्मा निर्भर भएका ।
**२.** आधुनिका माटोका भाँडा बनाउने ३० दिने तालिम मार्फत १५ जना दक्ष जनशक्ति उत्पादन भएको ।

**राजश्व**

१. **"कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो"** भन्ने अवधारणाको विकास गर्न  स्वयंमकर निर्धारण पद्धति मार्फत आन्तरीक राजश्व संकलन दायरा बृद्धि गरिएको ।
२. ढुङ्गा, गिट्टी, बालुवा तथा वन पैदावरबाट राजश्व संकलन गर्ने नगर प्रहरीलाई सान्तिगाड र लेख बस्तिहरुमा चेक पोष्ट स्थापना भएको ।
३. अनलाइन राजश्व संकलन प्रणाली (ERP) मार्फत राजश्व संकलन गर्न प्रकृयामा रहेको ।

**सामाजिक विकास:**

नगर क्षेत्रका बिभिन्न वडाका बिद्यालयमा २२ कक्षा कोठा निर्माणाधिन अबस्थामा रहेका छन्। विभिन्न ६ वटा विद्यालयमा सुविधा सम्पन्न शौचालय निर्माणाधिन अवस्थामा छन्। हाल सम्म जम्मा ४२ जना लाई अपांगता परिचय पत्रहरु वितरण गरिएको छ । जसमध्ये क बर्गमा ४, ख बर्गमा २१ ग बर्गमा १० र घ बर्गमा ७ रहेका छन्। स्वास्थ्य क्षेत्रमा खोप कार्यको निरन्तरता दिईएको छ। ३ वटा स्वास्थ्य केन्द्र, ६ वटा आधारभूत स्वस्थ्य केन्द्रहरु र २ वटा सामुदायिक स्वास्थ्य केन्द्रहरु स्थापना गरि स्वास्थ्य सेवालाई अझ सुलभ र सहज बनाईएको छ । साथै नगरबासिको स्वास्थ्य क्षेत्र बिशेष सुधार ल्याउन स्त्री रोग बिशेषज्ञ सेवा प्रवाह भईरहेकोछ।

**शिक्षा युवा तथा खेलकुद शाखा**

**गुणस्तर सुधारका लागि शैक्षिक क्रान्ति :-**शिक्षा देश विकासको मेरुदण्ड हो। त्यसैले शिक्षाको गुणात्मक विकास विना कुनैपनि विकास अपुरो हुने भएकाले शिक्षामा क्षेत्रमा गरिएका कार्यहरु ।

१. नगर शिक्षा ऐन २०७९ जारी गरिएको।
२. सम्पुर्ण सरोकारवालाहरुको विचमा बृहत् शैक्षिक गोष्ठि संचालन गरि १६ बुदे प्रतिवद्धता जारी गरिएको।
३. नियमित विद्यालय व्यवस्थापन समिति पदाधिकारी तथा प्रधानाध्यापक र शैक्षिक सरोकारवालाहरुको विचमा समिक्षा भएको।
४. नियमित शिक्षा शाखा तथा नगर शिक्षा समितिबाट अनुगमन सुपरिवेक्षण तथा पृष्ठपोषण प्रदान गरिएको।
५. चार वटा माध्यमिक विद्यालयहरुमा नगरपालिकाको प्रत्यक्ष निगरानिमा रहने गरि चारवाट सेक्युरिटि गार्ड नियुक्ति गरिएको।
६. वडिमालिका माध्यमिक विद्यालयलाई नमुना लिडर विद्यालयको रुपमा विकास गर्न अंग्रेजी माध्यमबाट पठनपाठन संचालन गरि नगर अनुदानको व्यवस्था गरिएको।
७. सामुदायिक विद्यालयका मा.वि.हरुमा एक मा.वि.एक प्राविधिक धारका कार्यक्रम सञ्चालन अन्तरगत श्री जनजागृति माध्यामिक विद्यालयमा कप्युटर धारको प्राविधिक कार्यक्रम संचालन भएको।
८. सामुदायिक विद्यालयहरुको परिक्षा प्रणालीलाई मर्यादित बनाउनका लागि नगर स्तरिय कक्षा ९ सम्म एकिकृत परिक्षा लिइ परिक्षा फल प्रकाशन गरिएको।
९. प्रविधिको माध्यमबाट गुणस्तरिय शिक्षा प्रदान गर्नका लागि १२ वटा आधारभुत र माध्यामिक विद्यालयमा २० वटा स्मार्ट वार्ड को व्यवस्थापन गरिएको।
१०. शिक्षाको आधारको रुपमा **"घर वलियो जगले राष्ट बलियो प्रारम्भिक बालविकासले"** भन्ने नाराका साथै प्रारम्भिक बालविकासमा लगानि अभिवृद्धि ४१ वटा प्रारम्भिक बालविकास केन्द्रहरुमा ४१ वटा स्मार्ट टिभिको व्यबस्थापन गरिएको।
११. बालबालिकाको सिकाई सुधार गर्न बालबालिका र अभिभावकको बिचमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गरिनेछ।
१२. शिक्षक र विद्यार्थीको अनुपात तथा विद्यालयमा शिक्षक आवश्यकता तहगतरुपमा शिक्षकहरुको काज सरुवा गरिएको।
१३. रास्कोट नगरपालिकामा आधारभुत तहको स्थानीय पाठयक्रम कक्षा ८ सम्म निर्माण गरी लागू गरिएको।

१४.महिनावारीका कारण छात्रा कक्षामा अनुपस्थित हुने अवस्थालाई अन्त्य गर्न र मर्यादित महिनाबारीका लागि विद्यालयमा छात्रामैत्री शौचालय एवं निः शुल्क स्यानिटरी प्याड वितरणको व्यवस्था गरिनेछ ।

१५.बालबालिकाहरुलाई प्रतिरक्षा र क्षमता प्रस्फुटन लागि विभिन्न किसिमका खेल बन्द प्रशिक्षण, प्रशिक्षक कार्यक्रम संचालान गरिएको ।

१६. विद्यालय स्तरीय, नगरपालिका स्तरीय र जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सकृय सहभगिताका साथ उपाधिहरु प्रप्त गरेको ।

१७.विद्यालयमा सान्ती सुरक्षा कायम गर्न शिक्षक कर्मचारी विद्यार्थीमा नियमितता र अनुशासन कायम गर्न विद्यालय सुरक्षा गार्डको अवधारणा ल्याईएको

**स्वास्थ्य**

१. रास्कोट नगरपालिकाद्धारा सञ्चालित एम्बुलेन्स सेवालाई रास्कोट अस्पताललाई हस्तान्तरण गरी सेवा प्रवाहलाइ प्रभावकारी बनाइनेछ ।
२. रास्कोट अस्पताललाई स्वास्थ बिमा कार्यक्रमसंग आबद्ध गरी स्वास्थ बिमा कार्यक्रम लागु प्रकृयामा रहेको ।
३. नियमित खोप सेवा ९८ प्रतिशत वा २८९ जना लाभान्वित भएका ।
४. प्रस्तुति गृहबाट २५० जना सुत्केरी भएका तथा ७८ प्रतिशत ले सेवा लिएका ।
५. कोभिड विरुद्धको खोप अभियान २२६८ जनाले खोप लाएका ।
६. बालबालिकाका लागि पोसिलो पिठो ४८० जनालाई वितरण गरिएको ।
७. २०० जना सेवा ग्राहीहरुलाई ग्रामिण अल्टासाउन्ड कार्यक्रम संचालन ।
८. स्वास्थ्यको महत्वलाई ध्यानमा राखी समयमै सूचना प्रवाह गरी सेवा दिनका लागि SMS alart softwar प्रणाली मार्फत ५०० जनालाई सूचना प्रवाह गरिएको ।
९. भ्याक्सोटोमी क्याम्प संचालन मार्फत २० जनाले सेवा लिएका ।
१०. नगरपालिकामा १५ शैयाको रास्कोट अस्पतालको स्तर बृद्धि निर्माण कार्य भएरहेको ।
११. स्वास्थ्य संस्थाहरुबाट निशुल्क औषधिको उपलब्धता सुनिश्चित भइरहेको ।
१२. नेपाल रेडक्रस सोसाईटीसंगको समन्वयमा रास्कोट अस्पतालमा ब्लड बैंक स्थापना गर्न प्रकृयामा रहेको ।
१३.**शहिद परिवार, विपन्न, द्धन्दपिडित, घाइते तथा पूर्ण अपाङ्ग, ७० वर्ष माथिका जेष्ठ नागरिक र गर्भवती महिला**हरुको लागि रास्कोटको जुनसुकै स्थान देखी रास्कोट अस्पताल सम्म पुर्याउन एम्बुलेन्स सेवा निः शुल्क उपलब्ध गरिएको ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

१. "उप प्रमुखसंग महिला कार्यक्रम" दलित महिला लगायतका महिलाहरुलाई व्यवसायिक सीप विकास गरी उद्यमी बनाउन आयमुलक, सीपमुलक तालिम प्रदान गरी आय आर्जनमा वृद्धि गरी स्वरोजगार, आत्मनिर्भर हुने गरी सशक्तिकरणका कार्यक्रममा मार्फत ९५ जना आत्मा निर्भर भएका ।
२. बालश्रम, बालबिवहा, छाउपडि प्रथा, जातीय भेदभाब तथा छुवाछुत उन्मुलनका लागि कडा नीति अवलम्वन गदै अन्त्यका लागि जनचेतना मुलक कार्यक्रम संचालन भइरहेका ।
३. समाजिक सुरक्षा तथा पञ्जीकरण र अपाङ्गता परिचय पत्र वितरण
४. नागरिक वडापत्रलाई अद्यावधिक गरि स्तरीय डिजिटल प्रकृयामा रहेको ।

५. व्यक्तिगत घटना दर्ता प्रणालीका माध्यबाट मृत्यु, जन्म दर्ता, बिवहा, बसाइ सराईलाइ पुर्णरुपमा अनलाइनद्धारा प्रमाण पत्र वितरण गरि हाल सम्म ५४८ जनाको व्यक्तिगत घटना दर्ता भएको ।
६. वडा कार्यालयका कर्मचारीहरुको क्षमता विकास तालिम सञ्चालन गरिएको ।
७. वडा कार्यालयलाई व्यवस्थीत बनाई सेवा प्रवाहमा प्रभावकारी भएको।
८. वडा कार्यालयका सबै सिफारिसहरुलाइ ERP सफ्टवयरको माध्यमबाट अनलाइन द्धारा वितरणको प्रकृयामा रहेको ।
९. सामाजिक सुरक्षा प्रणालीलाई ब्यबस्थीत बनाउन अनलाइन प्रणाली सम्बन्धी सुदृढीकरण गर्न ९ वटा वडा सचिबहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ।
१०. अपाङ्गता भएका ब्यक्तिहरुको पहिचान अभिलेखीकरण र प्रमाणीकरण गर्न अपाङ्गता छनोट समन्वय समीती द्वारा १६१ जनाको स्मार्ट काड मार्फत परिचय पत्र वितरण गरिएको ।

**पूर्वाधार विकासः**

नगरको बिकासमा पूर्बाधार बिकासका लागि सबै वडामा बिनियोजन गरिएको बजेटको ठूलो हिस्सा यसै क्षेत्रमा बिनियोजन गरिएको थियो । यस नगर क्षेत्रमा प्रति २ कोठा सहित विभिन्न २२ वटा बिद्यालय भवन नगरपालिकामा हाल २२ वटा र ८८.१ कि.मि सम्म कच्ची र ग्राभिल सडक र जम्मा १.५ की.मी. सडक ट्र्याक खोल्ने काम सम्पन्न भएको छ

**सञ्चार**

१. गुनासो सुनाई कार्यलाई कार्यन्वयन गर्न **हटलाइन सेवा** सुचारु गरी **"हेलो मेयर कार्यक्रम"** सञ्चालन मार्फत २१०० जनाको गुनासो फर्च्यउट गरिएको ।
२. सेवा प्रवाहका लागि वेभसाइट, फेस बुक, मोबाइल एप्स,यस एम एस अलटको व्यवस्थापन गरी सूचना प्रवाह गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास**

१. नगरपालिकाको संस्थागत बिकासको लागि सबै शाखा, एकाई, सहित सबै संग समन्वय बढाइएको छ ।
२. सुशासन प्रर्वद्धनका लागि **"मुस्कान सहितको सेवा"** भन्ने मुल नारालाई संस्थागत गरि प्रत्येक शाखा तथा सेवाहरुमा कर्मचारीहरुले सेवा प्रवाह गरिएको ।
३. गुनासा तथा सुझाब दिन चाहेको अवस्थामा गुनासाहरु सम्बोधन गर्नका लागि हेलो मेयर टोल फ्रिरी नं.१६६०८७४४०४४ को स्थानीय सरकारले व्यबस्था गरेको छ । जसबाट आम नागरीकले आफ्ना गुनासाहरु पैसा नलाग्ने नम्बर बाट फोन गरि आफ्ना गुनासा तथा सुझाबहरु टिपाउन सक्ने व्यबस्था गरिएको छ ।
४. बस्ति तथा टोल स्तरबाट आएका योजना तथा आयोजनाहरु स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को अनुसुचि २३ अनुसार छनौट गरि वडा मा आएका योजना तथा आयोजनाअरुलाई वडा समितिले बस्ति तथा टोल स्तरबाट आएका योजना तथा आयोजनाहरु र समुदायले सम्बोधन गर्न छुटाएका गौरबका आयोजना तथा महत्वपुर्ण योजना तथा कार्यक्रमहरुलाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८को अनुसुची ११ अनुसार योजना तथा आयोजनाहरु स्कोर गरि आयोजनाहरुलाई प्राथमिकिकरण गरि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८को अनुसुची २४ अनुसार क्षेत्रगतरुपमा योजना तथा आयोजना वडा समितिले नगरपालिकामा पेश गर्ने ब्यबस्थालाई अबलम्बन गरेका छौ ।

५. नगर प्रहरी तथा व्यवस्थापन ऐन २०७९, शिक्षा ऐन २०७९, विपद व्यवस्थापन ऐन २०७९ भु उपयोग नीति २०७९ भु उपयोग योजना २०७९ आवधिक योजना २०७९ मध्यकालिन खर्च संरचना २०७९ लगाएतका आवश्यक ऐन, कार्यविधि, योजना तथा निर्देशिका बनाइ कानुन संम्वत कार्यहरु गर्ने गरिएको।
६. पूर्वाधार निर्माणका कार्यहरुलाई सहज र दिगो बनाउन **एक वडा एक प्राबिधिकको** व्यवस्था गरिएको।
७. उपभोक्ता समिती मार्फत निर्माण हुने आयोजनाहरुमा संलग्न कामदारहरुको ज्याला वित्तीय सेवा प्रदायक संस्थामा रहेको बैंक खाताबाट भूक्तानी गर्ने गरिएको।
८. **"नगरबासीसंग नगर प्रमुख कार्यक्रम"** सञ्चालन गरी महिनामा एक दिन नगरवासीको गुनासो सुनाई गर्न टोलटोलमा साक्षत्कार गरिएको।
९. वित्तीय जोखिम न्यूनीकरण गर्न अनलाइन माध्यबाट भुक्तानी गरिएको।
१०.आयोजनाहरुको सुचीकरण गरी "**योजना बैंक**" तयार गर्ने र आगामी आर्थिक वर्षहरुमा सोही योजना बैंकबाट आयोजना छनौट गरी कार्यान्वयन गर्दै लिने गरिएको।
११.रास्कोट नगरपालिकामा कार्यसञ्चालनका लागि गैरसरकारी संघ संस्थालाई एकद्वार प्रर्णालीमा लिनका लागि NGO/INGO desk स्थापना गरिएको।
१२.नगरपालिकाको समग्र बस्तुस्थिती झल्काउने डिजिटल प्रोफाइल मोवाइल एप्स तथा नगर पश्वचित्र तयार गरिएको

**अनुगमन तथा मुल्याङ्कन**

१. नगरपालिकामा सञ्चालित आयोजनाहरु ८० प्रतिशत काम सम्पन्न भएका।
२. योजना अनुगमन तथा मुल्याङ्कन समिति द्धारा नगरपालिकामा सञ्चालित आयोजनाहरुको बस्तु स्तरमा गई प्रभावकारी रुपमा अनुगमन तथा मुल्याङ्कन गरिएको।

**वन वातावरण तथा विपद् व्यवस्थापन**

**वन वातावरण**

रास्कोट नगरपालिकालाई वाताबरण मैत्री नगर एबं हरित ,उत्थानशिल तथा समाबेशी बिकास (green resilient and inclusive development) नगर कायम गरी राख्नु आजको आबस्यकता हो। हाम्रो धेरै क्षेत्र प्रकृतिबाट नै असुक्षित छ। बस्ति भएका स्थान एबं सडक आसपास र चरन क्षेत्रमा क्षेत्रलाई हरियाली बनाउन स्थानीय सरकार र नागरिकहरु जुट्नु पर्ने अवस्था आएको छ। स्वच्छ नगर बनाउनका लागि हामीले बृक्षारोपण एबं सरसफाईलाई बिशेष महत्व दिनु पर्ने अबस्था बिद्यमान रहेको छ। हामीले नगरपालिका कार्यालयबाट हरित ,उत्थानशिल तथा समाबेशी बिकासको शुभारम्भ गर्नुपर्ने देखिन्छ। वृक्षारोपण र संरक्षण कार्यलाई आगाामी दिनमा पनि निरन्तरता दिदै बिस्तार गर्ने छौं।

**विपद् व्यवस्थापन**

१. विपद व्यवस्थापन ऐन २०७९ बनेको।
२. स्थानीय आपतकालिन सुरक्षित १८ वटा पुर्ण क्षति र १४ वटा आंशिक क्षति भएका घर निर्माणको भएका।
३. वाडि पिडित बाट १४९ जना पुर्ण क्षति भएका र १२२ जना आंशिक क्षति भएका लाभग्रही कायम गरिएको।

**न्यायिक समिति**

यस नगरपालिकामा तीन सदस्यीय न्यायिक समिति गठन भएको छ। न्यायिक समितिमा साँध सिमाना, घरेलुहिंसा, कुटपिट, अंशबण्डा जस्ता मुद्दा आएका छन् भने आएका सबै मुद्दाको ९० प्रतिशत जति मुद्दाहरु समयमा नै मिलापत्र एबं किनारा हुने समेत जानकारी गर्न चाहान्छु।

अव यस आर्थिक वर्षको २०८०।०८१ को नीति तथा कार्यक्रमहरु पेश गर्न चाहान्छु ।

**लक्ष्य:-**

आत्मनिर्भर नागरिक,समृद्ध नगर

**उद्देश्य :**

१. सुशासनलाई संस्थागत गर्न नगरपालिकाले प्रवाह गर्ने सेवामा नागरिकको सहज पहुँच अभिवृद्धि गरि सेवा प्रवाहलाई चुस्त दुरुस्त र पारदर्शी बनाउने ।
२. नगर भित्रका सम्पुर्ण सामुदायिक विद्यालयहरुबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण सृजना गर्ने।
३. गुणस्तरीय, दिगो भौतिक पूर्वाधारको विकास गर्ने ।
४. बालमैत्री, अपाङ्गमैत्री र समावेशी नगरको रुपमा विकास गर्ने ।
५. सभ्य र सक्षम नगरपालिका निर्माण गर्नु।
६. कृषि पर्यटन क्षेत्रमा लगानी गरी रोजगारी सृजना गर्नु।
७. समाजवाद उन्मुख समाज निर्माण गर्न समावेशी विकासको अवधारणा अवलम्वन गर्ने

**अपेक्षित उपलब्धी:-**

नगरका मुख्य बजार क्षेत्रहरु आर्कषक र सुविधायुक्त हुनेछन्, सबै ग्रामीण बस्तीहरुमा बिजुली, खानेपानी र सडक सुविधा पुग्नेछ। बिद्यालय उमेर समूहका सबै बालबालिका बिद्यालयमा गइ गुणस्तरी शिक्षा हासिल गर्ने छन् , सबै नागरिकले नि:शुल्क स्वास्थ्य सेवा घर आँगन पाउनेछन्, धार्मीक पर्यटकीय क्षेत्रको संरक्षण भई आन्तरिक पर्यटनको विकास हुनेछ। नगरमा रोजगारीको सृजना भई गरिबी घट्नेछ। साथै एक घर एक धारा कार्यक्रमलाई निरन्तरता सहित सबै नागरिकमा स्वाच्छ खानेपानी पहूँच पुर्‍याई सम्बृद्ध नगर र आत्मनिर्भर नगर वासी बनाउनका लागि आधारशिला तयार हुनेछ ।

वार्षिक नीति तथा कार्यक्रम अवलम्वन गरिएका प्रमुख पद्धति तथा आधारहरु

१. नेपालको संविधान २०७२ को अनुसूचि ८ र ९ मा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सूचिकृत एकल तथा साझा अधिकारहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु।
२. स्थानीय शासन सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा नीति आयोग ऐन २०७४, अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४।
३. संघिय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु।
४. राजश्व परामर्स समिति, श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समितिवाट प्राप्त राय सुझावहरु।
५. नेपाल सरकार एवं प्रादेशिक सरकारवाट प्राप्त वजेट सिलिङ्ग र वजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु।
६. वडा ,वस्ती स्तररिय योजना संकलन तथा सुझावहरु।
७. विषयगत कार्यालय निकायवाट प्राप्त राय सुझावहरु।
८. यस नगरपालिकाको प्रथम आवधिक योजनाले निर्धारण लक्ष्य नीति तथा प्राथमिकताहरु।

९. विगत वर्षहरुमा सम्पन्न भएका नगरसभाका बैठकहरुबाट भएका निर्णयहरु ।
१०.पन्ध्रौ आवधिक योजना (२०७६।०७७ – २०८०।०८१) ले निर्धारण गरेको लक्ष तथा प्राथमिकताहरु ।
११.विभिन्न राजनितिक दल लगायत बुद्धिजिवी , नागरिक अगुवाहरुसँगको परामर्शवाट प्राप्त राय सुझावहरु ।
१२.दिगो विकासका लक्ष्यहरु

**चालु आर्थिक वर्ष २०७९।०८० का मुख्य प्राथामिकतामा परेका नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिएको छु ।**

**१. नगर प्रहरीको प्रभावकारी रुपमा परिचालन**
**२. मेयर हेल्थ केयर कार्यक्रम**
**३. उप-प्रमुख सशक्तीकरण कार्यक्रम सञ्चालन**
**४. सामाजिक सुरक्षा भत्ता घर आँगनमा वितरण थप विस्तार**
**५. रास्कोट बहुमूखी क्याम्पस सञ्चालनका लागि पहल**
**६. रास्कोट कोशेली घर स्थापना**
**७. एक घर एक धारा कार्यक्रमद्धारा स्वच्छ खानेपानीको पहुँचमा विस्तार**
**८. पर्यटन प्रर्वधनका लागि होमस्टे स्थापना**
**९. नागरिक निर्जीवन दुर्घटना बिमा कार्यक्रमको निरन्तरता**
**१०.रास्कोट नगर अस्पतालबाट विषेशज्ञ सेवा सहित सामान्य शल्यक्रिया**
**११.आर.सि.पि. बजारलाई स्मार्ट सिटीको रुपमा थप विस्तार गरिनेछ ।**
**१२.जल, जंगल, जमिन र जनश्रमको परिचालन गर्न ४ ज को नीति अवलम्वन**
**१३.पूर्वाधार विकासका लागि भौतिक संरचनाहरुको स्तरोन्नती**
**१४.रास्कोट नगरपालिका सम्पुर्ण घरहरुलाई एक घर एक ओखर विरुवाहरुको थप विस्तार गरिनेछ ।**
**१५.कृषि आधुनिकिकरण, व्यवसायीकरण र एक घर एक विरुवा कार्यक्रमहरुलाई यस वर्ष निरन्तरता दिएको छु ।**

**यस आर्थिक बर्ष २०८०/०८१ का लागि मुख्य प्राथमिकिकरण गरेका नीति तथा कार्यक्रमहरु**

**१. बालवालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्न विद्यालय नर्सिङ्ग कार्यक्रम सञ्चालन गर्न**
**२. यस वर्ष कम्तीमा पाँच वटा वडा कार्यालय भवन निर्माण गरिनेछ ।**
**३. स्वास्थ्य बिमा कार्यक्रमलाई सञ्चालन गरिने छ,**
**४. आर्थिक विकास र समृद्धिको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई जीवन्त व्यवसायिक र आधुनिकीकरण गर्न यस रास्कोट नगरपालिकालाई स्थानीय पूर्वाधार सहयोग कार्यक्रम र नगरपालिको सयुक्त लगानीमा वृहत सिंचाइ आयोजना सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।**
**५. आगामी ३ वर्ष भित्रमा ३००६ घरधुरीमा स्वच्छ खानेपानी पुर्याइने छ ।**
**६. लक्षित वर्गका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।**
**७. देउरामालिका हुँदै बडिमालिकासम्म बाटो निर्माण कार्यलाई प्राथमिकता दिईनेछ ।**

**८. रास्कोट नगरपालिका भित्रका सम्पूर्ण गोरेटो र घोरेटो बाटोलाई पि.सि.सि र आर.सि.सि गरी स्तर उन्नती गरिनेछ।**

**९. नगरपालिकामा स्त्री रोग सम्बन्धी उपचारका लागि निःशुल्क स्वास्थ्य शिविर संचालनमा ल्याईनेछ।**

**१०.आम रास्कोट नगर वासीलाई नगरपालिकाबाट दिने सम्पुर्ण सेवालाई एकिकृत रुपमा सुविधायुक्त प्रशासनीक भवनबाट सेवा प्रवाह गरिनेछ।**

**११.घर विमा कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।**

**१२.योजना अनुगमन तथा मुल्याङ्कन समिति द्धारा नगरपालिकामा सञ्चालित आयोजनाहरुको बस्तु स्तरमा गई प्रभावकारी रुपमा अनुगमन तथा मुल्याङ्कन गरी भुक्तानी दिने निति लिईनेछ।**

**१३.नीति तथा कार्यक्रमका उद्देश्य हासिल गर्न संघीय सरकार, प्रदेश सरकार र निजी क्षेत्रसंग लागत साझेदारीका आधारमा सम्पन्न गर्ने पर्यत्न गरिनेछ।**

**क्षेत्रगत नीति एवं प्राथमिकताहरु**

नव गठित नगरपालिकालाई प्राप्त भएका सबै सम्भावना र अवसरहरूलाई सम्पत्तीको रूपमा ग्रहण गर्दै संवैधानिक व्यवस्था अनुरुप सामाजिक सद्धाव, राष्ट्रिय एकता, सांस्कृतिक र धार्मिक सहिष्णुता एवं उदार मुल्यहरुको अभिवृद्धी गरिनुका अतिरिक्त वैज्ञानिक, मानवतावादी र आधुनिक चिन्तनलाई प्रश्रय दिदै प्राकृतिक श्रोत माथि स्थानीय जनताको अधिकारको पूर्ण रक्षागरी प्राकृतिक श्रोतमा स्थानीय समुदायको पहुँचको संवैधानिक प्रावधान कार्यान्वयनमा जोड दिईनेछ। यसैको जगमा टेकेर समृद्ध रास्कोट नगरपालिका निर्माण गर्ने प्रतिबद्धताका साथ अव म यस नगरपालिकाको आगामी वर्षको वार्षिक नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु।

**आर्थिक विकासः कृषि, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र**

**कृषि**

१. साविक कर्णालीको अन्न भण्डार मानिने रास्कोटको कृषि क्षेत्रलाई आधुनिकिकरण र व्यवसायीकरण गरि खाद्यमा आत्मानिर्भर रास्कोट बनाई रैथाने अन्न, फलफुल र तरकारी निर्यात गर्न सक्ने नीति अवलम्वन गरिनेछ।

२. आर्थिक विकास र समृद्धिको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई जीवन्त व्यवसायिक र आधुनिकीकरण गर्न यस रास्कोट नगरपालिकालाई स्थानीय पूर्वाधार सहयोग कार्यक्रम र नगरपालिको सयुत्त लगानीमा वृहत सिंचाइ आयोजना सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

३. हरीयाली नगर बनाउनका साथै आय आर्जनमा वृद्धि गर्न एक घर एक ओखर विरुवा कार्यक्रमलाई थप विस्तार गरिनेछ।

४. एक घर एक करेसाबारी कार्यक्रमलाई कार्यान्वयन गरिनुका साथै बेमौसमी तथा व्यवसायिक तरकारी खेतिको पर्वर्द्धन गरिनेछ।

५. यस क्षेत्रमा उत्पादन हुने भटमास, सिमी, कोदो, कागुनो र फापर खेतिलाई ब्यबसायिक बनाउन कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

६. लेकबस्ती र औल बस्तीमा मौसम अनुसारका फलफुल बगैचा स्थापना गरि कृषकहरुलाई बिभिन्न तालिम तथा बिउबिजन लगायत अन्य सामग्रीकहरुको व्यवस्थापनका लागि पहल गरिनेछ।

७. युवा लक्षित कार्यक्रम मार्फत स्वरोजगार सृजना गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

८. रसायनिक मल, कृषि यन्त्र, कृषिजन्य समाग्रिहरु र तरकारी तथा खाद्यान्न बालीका उन्नत बीउबिजन कृषकहरुलाई अनुदानमा वितरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
९. उच्च मुल्यका बालीहरुको प्राविधिक सम्भाव्यताको आधारमा प्रति वडा १ (एक) साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) स्थापना गरी कृषकहरुलाई आधुनिक तथा व्यवसायिक खेती तर्फ उत्प्रेरित गरीनेछ।
१०. कृषि योग्य भुमिको पूर्ण उपयोग सुनिश्चित गर्न नगरपालिका भित्र रहेका कुनै पनि कृषि योग्य जमिन बाँझो राख्न दिईने छैन। बाँझो जमिनमा खेती गर्न चाहने जो कोही कृषकहरुलाई असल कृषि अभ्यास तथा जलवायु स्मार्ट कृषि कार्यक्रम संचालन गरी अनुदान दिने व्यवस्था मिलाईनेछ।
११. नगरपालिका आसपासका खेती योग्य उर्वर जमिनमा प्रर्याप्तता सिँचाई सुविधा सुनिश्चित गर्न प्रदेश सरकार र अन्य गैर सरकारी संघ संस्थाहरु संगको सहकार्य तथा लागत साझेदारीमा सिंचाई आयोजना कार्यक्रम संचालन कृषि उत्पादनमा वृद्धि गरिनेछ।
१२. फलफुल विकास कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालनमा ल्याई अनिवार्य एक घर ५० फलफुल बिरुवा रोप्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
१३. नगरपालिका भित्र रहेका बिउ बैंकको स्तरउन्नती गरी कृषकहरुलाई धान,मकै र गहुँको गुणस्तरिय उन्नत बीउ उत्पादन गर्न विशेष जोड दिईनेछ।
१४. कृषि तथा पशुपन्छी बीमा र खेतीयोग्य जमिनको माटो परिक्षण कार्यलाई निरन्तरता दिईनेछ।
१५. नमुना कृषि फर्म स्थापना कार्यक्रम संचालन गरिनेछ र नगरमा उत्कृष्ट कृषि व्यवसाय गर्ने कृषकलाई पुरुस्कृत गरिनेछ।
१६. कृषि उपजहरुलाई सहजरुपमा बजार सम्म पुर्याउनका लागि कृषि उत्पादन क्षेत्रहरु सम्म जोडने सडक तथा अन्य पुर्वाधारहरुको विस्तार गरिनेछ।
१७. निजि क्षेत्रको सहकार्यमा व्यवसायिक तरकारी खेति गर्ने कृषक,सहकारी,कृषक समुह,तथा फर्महरुको उत्पादनलाई बजार पहुँचका लागि तरकारी संकलन तथा बिक्रि केन्द्र स्थापनाका लागि अनुदानका लागि पहल गरिनेछ।
१८. आत्मानिर्भर महिला,कृषिमा पहिला गत वर्षको नारा कार्यान्वयन गर्न महिला समुह तथा महिलाहरुलाई कृषि उत्पादनका क्रियाकलापहरु संचालन गर्न अनुदानका लागि पहन गरिने नीति लिईनेछ।
१९. तरकारी पर्वद्धन कार्यक्रम (आलु/च्याउ)सञ्चालन गरिनेछ।
२०. फलफुल पर्वद्धन कार्यक्रम सञ्चालन गरिने छ।

**पशु विकास**

वैदेशिक रोजगारीलाई कम गर्न कृषि ,पशुपालन र उद्योग व्यावसायहरुको स्थापना गरि व्यावसायिकरणमा विशेष प्राथमिकता सहित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१. पालिकामा एउटा कोल्ड स्टोर संचालनमा ल्याईनेछ।
२. दुग्द उत्पादक कृषकहरुलाई प्रोत्साहन गर्ने समुह, सहकारी,तथा निजि क्षेत्रसंगको सहकार्यमा दुग्ध डेरी स्थापना गर्नका लागि अनुदान उपलब्ध गरिनेछ।
३. स्थानीय व्यक्तिहरुलाइ प्राविधिक सिप दिई ,प्राविधिकहरु कृषकको गोठ तथा फर्ममा पुगी पशुपंछी सम्बन्धि सेवा दिने व्यवस्था मिलाईनेछ।
४. स्थानीय कुखुरा,चाखुरा,कालीज पालनलाई व्यवसायिक गर्नका लागि कृषकलाई फर्म विकासका लागि प्रोत्साहन गरिनेछ।

५. दुध,मासु,अण्डामा आत्म निर्भर हुन पशुपंछी व्यवशायलाई प्रवद्र्धन गरिने नीति लिईने छ।
६. कृषि समुह तथा कृषि सहकारी मार्फत कृषि तथा पशुजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिवृद्धिमा जोड दिइनेछ।
७. पशुपंछीमा हुने विभिन्न किसिमको जोखिम न्यूनिकरण गर्न पशुपंछी विमा कार्यक्रमलाई प्रभावकारी बनाउन चेतनामूलक कार्यक्रम संचालन गरिने छ। पशुपंछी विकास शाखा बाट संचालन हुने अनुदानका कार्यक्रममा विमा अनिवार्य गरिने नीति लिईने छ।
८. साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकलाई घाँस, गोठ, खोर निर्माणमा विषेश सहुलियत दिने व्यवस्था मिलाईनेछ।
९. पशुपन्छीहरुको उपचारका लागी पशुपन्छी उपचार केन्द्र विस्तार गरिनेछ।
१०. पशु नश्ला सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ। पशु आहारका लागि घाँस खेती कार्यक्रम संचालन गरिनेछ।
११. नगर क्षेत्रभित्र पशुपंक्षि फर्म, मासु पसल,एग्रोभेटहरु दर्ता गरी नियमन गरिनेछ।
१२. स्वच्छ, स्वस्थ मासु उपभोक्तासम्म पुऱ्याउनका लागि उपयुक्त स्थानमा आधुनीक पशु बधशाला निर्माणका लागि पहल गरिनेछ।

**सहकारी**

१. स्थानीय उद्यमशिलता, शिपबिकास र स्थानीय श्रोत साधनको उपयोग सहकारी संस्थाहरु अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धीकार्यक्रम संचालन गरी गरीवी न्युनिकरण गरिने छ।
२. सहकारीको माध्यमवाट स्थानीय स्रोत श्रम, साधान सीप र पूँजीको अधिकतम परिचालन गरी रोजगार सिर्जना गर्दै आर्थिक, सामाजिक रुपान्तरण गरिने छ।
३. सहकारी संचालनको लागि आवश्यक कानूनहरुको निर्माण कार्य गर्दै, संस्थाहरुको नियमन र ब्यवस्थापन गर्नका साथै बैंक तथा सहकारीहरु संगको सहकार्यमा साना किसान सहकारी संघ सँग ब्यवसायिक किसानहको वित्तीय सेवा प्रवाहमा पँहुच बढाउन प्रयास गरिनेछ
४. संवैधानिक व्यवस्था अनुसार सरकारी, सहकारी र निजी गरी तिन खम्वे अर्थ नीति कार्यान्वयन गर्दै समृद्ध रास्कोट नगरपालिका निर्माणका लागि लगानी मैत्री नगरपालिका बनाउन पहल गरिनेछ।

**पर्यटन तथा संस्कृति**

१. रास्कोट नगरपालिका भित्र पर्ने ऐतिहासिक, सांस्कृतिक, धार्मिक, सम्पदाहरूको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवद्र्धन गर्ने नीति लिइनेछ।
२. सेतिकोटमा पर्यटकहरुलाई आकर्ष गर्न एकिकृत बृहत् पार्क निर्माण गरिनेछ।
३. नमुना बस्तिलाई होमस्टे, पर्यटकीय क्षेत्रहरूमा होटल, लज, रिर्सोट खोल्न नीजी– सार्वजनिक साझेदारीमा पर्यटकीय स्थलहरूको प्राकृतिक सौन्दर्यतामा खलल पुर्याउन नदिने र स्वच्छता तथा सरसफाईमा विशेष ध्यान दिन आवश्यक पहल गर्ने नीति लिइनेछ। (होम स्टे को रुपमा संचालन गर्नेछ।)
४. नगरको दृश्यावलोकनका लागि दृश्यावलोकन स्थल उपरकोट को सम्भाब्यता अध्यायन गरि निर्माण कार्य थालनीका लागि आवश्यक पहल गरिनेछ।

५. नगरपालिका भित्र रहेका ऐतिहासिक रास्कोट दरबार, देवल, धार्मीक स्थलहरु भैरबनाथ, स्यम्भुनाथ, देउरा मालिका मन्दिर, मलायगीरी पाटन आदिलाई धार्मीक तथा साँस्कृतिक पर्यटकिय क्षेत्रको रुपमा विकास गरी आन्तरिक तथा बाहिय पर्यटकको गन्तब्य स्थल बनाईनेछ ।

६. रास्कोटको ऐतिहासिक रास्कोट दरबारलाई यतायातको पहुँचमा पुर्याई आन्तरिक तथा बाहिय पर्यटकीय क्षेत्रको रुपमा विस्तार गरिनेछ ।

७. खसभाषाको रक्षा र कर्णालीको इतिहासको अनुसन्धान कार्यमा टेवा पुर्याउने उश्द्देयले रास्कोट नगरपालिकामा **"रास्कोट दरबार पुस्तकालय"** स्थापना गरिनेछ ।

८. धार्मिक स्थल बडिमालिका जाने सडक निर्माणका लागि विस्तृत परियोजना तयार गर्नका लागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

९. परम्परागत लोपउन्मुख पञ्चेबाजा, लोकबाजा, लोकगीतहरु जस्ता लोकसांस्कतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षण र सम्वर्धन गरिनेछ ।

१०. मृतकको दाहसँस्कार प्रक्रियामा सहजिकरण गने व्यवस्था गरिनेछ ।

**श्रम तथा रोजगार**

१. बेरोजगार यूवाहरुलाई सवारी चालक तालिम विद्युत वायरिंग तथा मर्मत तालिम, होटल मेनेजमेन्ट,पलम्वर तालिम परम्परागत सिपहरुलाई नयां प्रविधिहरु संग जोड्ने विभिन्न कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

२. रोजगार सेवा केन्द्रलाई थप बिकसित गर्दै यस नगरमा रहेका श्रमिकहरुको सीप उपयोग हुने गरी उनीहरुको ब्यक्तिगत बिवरण रहेको श्रम सूचना बैंक स्थापना गरी रोजगारदाता र रोजगारीको खोजीमा रहेका बीच सम्पर्क स्थापित गरी यस नगर क्षेत्रमा हुने बिकास निर्माणका कार्यहरुमा सम्भब भए सम्म नगर क्षेत्रकै श्रमिकहरु प्रयोग गर्नका लागि निजी क्षेत्र संग आबश्यक समन्वय र सहकार्य गरिनेछ ।

३. प्रधानमन्त्री तथा मुख्य मन्त्री रोजगार कार्यक्रमबाट यूवायुवती तथा बेरोजगारहरुलाई विकास निर्माणका काममा लगाई न्यूनतम रोजगारीको ग्यारेन्टी गरिनेछ ।

४. बिदेशमा आर्जन गरेको सिप पुँजी र अनुभवलाई स्वदेशमा सदुपयोग गर्न युवाहरुको लागी विशेष प्याकेज सहित उधमशीलता विकास परियोजना संचालन गर्ने ।

५. प्रधानमन्त्री तथा मुख्य मन्त्री रोजगार,स्थानीय पुर्वाधार सहयोग कार्यक्रमबाट सृजना हुने रोजगारीमा बेरोजगार,अति बिपन्नलाई र एकल महिलाहरुलाई रोजगारीमा आबद्ध गराईनेछ ।

**उद्योग तथा वाणिज्य**

३. रास्कोटमा एक उद्योग स्थापना सहित आद्योगिक ग्रामलाई व्यवस्थित रुपमा कार्यन्वयनमा ल्याइ रोजगारी सिर्जना गर्दै आर्थीक विकासमा टेवा पुर्याउने नीति लिइने छ ।

४. आधुनिक माटोको भाडा बनाउन उद्योगलाई व्यवस्थीत बनाइ उत्पादित माटोको भाडालाइ वजारीकरणको व्यवस्था मिलाई निरन्तरता दिइनेछ

५. रास्कोट नगरपालिकामा उत्पादित बेशारलाई प्रशोधन गरि वजारीकरण गरिनेछ ।

६. रास्कोट नगरपालिकामा रहेका उद्योगहरुको सूचिकरण गरि अध्यावदी गरिनेछ ।

७. साना तथा घरेलु उद्योगहरु दर्ता र सञ्चालन गर्ने नीति लिइनेछ ।

८. नगरपालिका भित्र व्यवसायिक रुपमा सञ्चालनमा रहेका होटल तथा पसलहरुको अनुगमन तथा नियमन गर्ने नीति अवलम्बन गरिनेछ र अत्यावश्यक उपभोग्य वस्तुहरुको मूल्यमा एकरुपता कायम गरिनेछ ।
९. नगर भित्रका वित्तीय सस्थाहरुसँग सहकार्य गरी वृत्त व्यवस्थापनमा एकरुपता ल्याइनेछ ।
१०. स्थानीय श्रम, सीप, प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग स्थापना गर्ने नीति लिइनेछ ।
११.स्थानीय कच्चा पदार्थ तथा सीपमा आधारित श्रममूलक उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**नगरसभा सदस्य ज्यू**

**वित्तीय क्षेत्र**

१. वित्तीय संस्थालाई व्यवसायिक कृषि तथा अन्य आयमूलक कार्यमा ऋण लगानी गर्न पहल गरिनेछ ।
२. बैंक तथा वितीय संस्थामा सर्वसाधारणको पहुँच सुनिश्चितता गरिनेछ ।
३. नगरपालिका भित्रका वितिय क्षेत्रलाई नियमन गरिनेछ ।
४. रास्कोट नगरपालिका भित्रको घर जग्गालाई धितो राखी कर्जा प्रवाह गर्नका लागि पहल गरिनेछ ।

**राजश्व**

**"कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो"** भन्ने अवधारणाको विकास गर्न स्वयंमकर निर्धारण पद्धति मार्फत करदातालाई दायित्व बोध गराउन कानुनी व्यवस्था मिलाइनेछ ।

४. राजश्व प्रणालीलाई बिस्तारै अनलाईन पद्धतिबाट भुक्तानीको वातावरण मिलाउन आवश्यक कार्य अघि बढाई राजश्व चुहावटलाई पूर्ण नियन्त्रण गरिनेछ ।
५. राजश्व संकलन गर्ने संयन्त्र तयार गरी आन्तरिक स्रोतको प्रभावकारी परिचालन गरी प्रगतिशिल कर प्रणालीको विकास गरिनेछ ।
६. ढुङ्गा, गिट्टी, बालुवा तथा वन पैदावरबाट राजश्व संकलन गर्ने नीति लिइनेछ ।
७. कर तथा राजश्व तिर्ने नागरिकलाई प्रोत्साहन गर्न करदाताको नामाकरण गरि सबै भन्दा बढी राजश्व तिर्ने र संकलन गर्ने लाई पुरस्कारको व्यवस्था मिलाइनेछ ।
८. नगरपालिका भित्र रहेका बस्तु तथा सेवा प्रदायक सबैलाई अनिर्वाय करको दायरामा ल्याइनेछ ।
९. घर नक्सा पासलाई सञ्चालनमा ल्याईनेछ ।

**सामाजिक विकासः शिक्षा, खेलकुद, संस्कृति प्रवर्धन, खानेपानी, स्वास्थ्य तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

**शिक्षा**

१ शिक्षा देश विकासको मेरुदण्ड हो । त्यसैले शिक्षाको गुणात्मक विकास विना कुनैपनि विकास अपुरो हुने भएकाले गुणस्तरी शिक्षाका लागि **शैक्षिक क्रान्ति**को अभियानलाई निरन्तरता दिइनेछ ।

१. बालबालिका बिकास तथा विद्यालय समायोजन कार्यलाइ निरन्तर र प्रभावकारी रुपमा अगाडी बढाइनेछ । समायोजन गरिएका विद्यालय तथा बालबालिका बिकासका लागि अनुदानको व्यवस्था गर्ने प्रयास गरिनेछ ।
२. नगर क्षेत्र भित्र संचालित सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर उकास्न कुनै एउटा विद्यालयलाई आवासिय विद्यालयका रुपमा रुपान्तरित गरी नगर आवासीय विद्यालय कार्यक्रम संचालन गरिनेछ ।

३. नगर क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापन कार्य लाइ निरन्तरता दिइनेछ

४. नगर क्षेत्रभित्र रहेका सबै बिद्यालयहरुमा सुचना प्रबिधिको बिकास गरि शिक्षण सिकाई क्रियाकलापहरुलाई प्रबिधि मैत्री बनाई सहजता अपनाईनेछ।

५. विद्यालयको सम्पुर्ण हेरचाह र शिक्षक कर्मचारीको नियमितता बढाउन प्रधानाध्यापक र सुरक्षा गार्डलाई पुर्णकालिन(holl timmer) बनाउन विद्यालयलाई आवासीय आवश्यक पहल गरिनेछ।

६. सामुदायिक विद्यालयमा जनप्रतिनीधि शिक्षक तथा कर्मचारीहरुका छोरा ,छोरी भर्ना गर्ने नीति लिईनेछ।

७. विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहुन भन्ने उद्देश्यले सघन रुपमा भर्ना अभियान चलाइनेछ र विद्यालय भर्ना भै सकेका बालबालिकालाई पुरै समय विद्यालयमा टिकाउन "अभिभावक सचेतना तथा विपन्न विद्यार्थी सहुलियत कार्यक्रम" लाइ निरन्तरता दिइनेछ।

८. नगर भरी विद्यार्थी पोशाकमा एकरुपता ल्याइने छ।

९. विद्यालय अनुगमन तथा सुपरीवेक्षण नियमित, व्यवस्थित र प्रभावकारी बनाइनेछ । र अनुगमनका आधारमा विद्यालयलाई विद्यालयको आवश्यकता पहिचान गरी **मेयर शैक्षिक सुधार कार्यक्रम** संचालन गरिनेछ।

१०.रास्कोट नगरपालिकालाई शैक्षिक हबका रुपमा विकास गर्न उत्कृष्ट सिकाइ वातावरण भएको विद्यालय, सरसफाई युक्त स्रोत साधानको उचित व्यवस्थापन भएको अभिभावकको निरन्तर सहभागिता रहने , निरन्तर समुह कार्य र अतिरिक्त क्रियाकलाप संचालन गर्ने विद्यालयलाइ उत्कृष्ट विद्यालयको रुपम प्रोत्साहन गरिनेछ।

११.विद्यालयमा प्रत्येक महिनाको अन्तिम कार्य दिनमा अनिवार्य बैठक वसी सो महिनाको अवस्था विश्लेषण र आउने महिनाको योजनाको विषयमा छलफल गरी सो को अभिलेखीकरण गर्नु पर्ने नीति लिइनेछ।

१२.विपन्न तथा गरिव परिवारहरुलाई निःशुल्क शिक्षा उपलब्ध गराईनेछ।

१३.नगर भित्र सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये आ.व. २०८०।०८१ भित्र कुनै दुइ विद्यालयलाई नगर नमुना विद्यालय घोषणा गरिनेछ।

१४.सामुदायिक विद्यालयहरुमा भौतिक संरचनाको सुरक्षा गर्न सुरक्षित विद्यालयका लागि बलियो घेरबार कार्यक्रम संचालन गरिनेछ।

१५.यस नगरपालिकाको परिवेशअनुसारको स्थानीय पाठ्यक्रम कार्यन्वयन गर्न पाठ्यपुस्तक निर्माण गरी विधार्थीको हातहातमा पुर्याइने छ।

१६.नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ तथा बाल क्लबहरुलाई सक्रिय बनाउन अभिुखीकरण कार्यक्रम संचालन गरिनेछ। आफ्नो कर्तव्य प्रति लगनशील र निष्ठावान पदाधिकारीहरुलाइ प्रोत्साहन प्रदान गरिनेछ।

१७.शैक्षिक गुणस्तर उकास्न प्र.अ., शिक्षक, विद्यालयका कर्मचारी र बालबिकास सहजकर्ताहरुका बैठक, तालिम, कार्यशाला र अभिमुखीकरण कार्यक्रममा बढावा दिइनेछ । नगरस्तरीय विषयगत प्रतिष्पर्धा सृजनाका लागि विषयगत समुहहरु निमार्ण गरी अनुभव आदानप्रदान जस्ता कार्यक्रम सञ्चाल गरिनेछ

१८.कर्तव्यबाट विमुख, विद्यालयमा मध्यपान तथा धुम्रपान सेवन गर्ने तथा आफ्नो कर्तव्य प्रति गैर जिम्मेबार हुने प्र.अ., शिक्षक, विद्यालयका कर्मचारी र बालबिकास सहजकर्ताहरुलाइ कारबाहीको घेरामा ल्याइनेछ।

१९.शिक्षण पेशाप्रति इमान्दार, कर्तव्यनिष्ट, लगनशील र उत्तरदायि भई कार्य सम्पादन गर्ने तहगत रुपमा (कक्षा १–३ , १ –५ , १ –८ र १ – १२) बाट प्र अ, शिक्षक, विद्यालय कर्मचारी र बालबिकास सहजकता छनोट गरी प्रत्येक वर्ष नगद पुरस्कार र प्रमाणपत्र सहित उत्कृष्ट रास्कोट नगर शिक्षक कार्यक्रम संचालन गरिनेछ।

२०. कक्षा ८ को नगरस्तरीय परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने छात्र छात्रालाई सम्मानित गरिनुका साथसाथै माथिल्लो एक कक्षा अध्ययन गर्न सहुलियत प्रदान गरिनेछ।
२१. बालबालिकाको सर्वाङ्गिण विकासका लागि बालबालिका प्रतिभा पहिचान र विकास कार्यक्रम संचालन गरिनेछ।
२२. नगर भित्रका सामुदायिक सिकाई केन्द्रहरुलाई प्रभावकारी र व्यवस्थित बनाउन तथा बजेटको व्यवस्था गरी समाज रुपान्तरणमा सहयोग पुग्ने कार्यक्रम संचालन गरिनेछ। र साक्षर नगरपालिका घोषणा गर्ने कार्यक्रम अगाडी बढाईनेछ।
२३. स्रोत विद्यालयहरुलाइ वजेटको व्यवस्था गरी अधिकार प्रत्यायोजित गरिनेछ र वडा स्तरीय विद्यालयका क्रियाकलापहरुलाइ व्यवस्थित र प्रतिष्पर्धात्मक बनाइने छ ।
२४. विद्यालयमा शिक्षक डायरीको अनिवार्य ब्यवस्था गरिनेछ । सबै विद्यालय शिक्षक तथा कर्मचारीहरुको परिचयपत्रको व्यवस्था नगरपालिकाबाट गरी विद्यालयमा परिचयपत्र अनिवार्य गरिनेछ।
२५. नगर भित्रका विद्यालयहरुका राम्रा प्रयासहरुको डकुमेन्ट्री तयार गरि प्रचार प्रसार गरिनेछ। विद्यालय स्तरीय र अन्तर विद्यालय स्तरीय अतिरिक्त क्रियाकलापलाई नियमित रुपमा सञ्चालन गरिनेछ । राष्ट्रपति रनिङ् शिल्डलाई भव्यताका साथ सञ्चालन गरिनेछ।
२६. सामुदायिक विद्यालयका मा.वि.हरुमा एक मा.वि.एक प्राविधिक धारका कार्यक्रम सञ्चालनका लागि निरन्तरता दिइएको छ।
२७. शिक्षण कलालाई आदान प्रदान गर्न आगन्तुक शिक्षक व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ।
२८. अन्तर विद्यालयका असल अभ्यासलाई अनुकरण गर्न शैक्षिक भ्रमण गरिनेछ।
२९. सिकाइ स्तर कमजोर भएका विद्यालय र विधार्थीलाइ विशेष कक्षा सञ्चालन गर्ने र आवश्यक शैक्षिक सामाग्री सहयोग गर्न नगरपालिका र संघ संस्थाको साझेदारीमा सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ।
३०. विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम (CMC)लाई निरन्तरता दिइनेछ।
३१. विधार्थीको स्वास्थ्य अवस्था र सामाजिक कुरितीबाट सिकाइमा पर्ने असरलाई ध्यानमा राखी स्वास्थ शिक्षालाई प्रवर्धन गर्न विद्यालय नर्सिङ कार्यक्रम सञ्चालन गरिनेछ।

## युवा तथा खेलकूद

१. नगर क्षेत्रमा रंगशालाको स्तरउन्ती लागि आवश्यक पहल गरिनेछ।
२. राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै एक विद्यालय एक खेलमैदान कार्यक्रम अगाडी बढाइनेछ।
३. मेयर कप खेलकुद प्रतियोगितालाई नियमित संचालन गरी नगरपालिका स्तरीय भलिवल, फुटवल र क्रिकेट खेलको विद्यालय स्तरीय खेलकुद संचालन गरीनेछ।
४. नगर भरीका युवा खेलाडीहरुको क्षमता पहिचान गरी खेलकुद क्षेत्रमा अग्रसर हुन तालिम तथा अन्य अवसरहरु प्रदान गरिनेछ।
५. नगरपालिकामा कभर्ड हलको निर्माणको लागि पहल गरिने छ।
६. प्रत्येक वडामा एक ब्यवस्थित खेल मैदान स्थापना गरिने छ।
७. नगरपालिका स्तरीय भलिवल, फुटवल र क्रिकेट खेलको विद्यालय स्तरीय खेदकुद संचालन गरीनेछ।
८. पार्क, खुलाक्षेत्र तथा खेल मैदानको व्यवस्थापनको लागि सरकारी तथा सार्वजनिक जमिन प्रयोगमा ल्याइनेछ।

**स्वास्थ्य**

१. रास्कोट **अस्पतालबाट** सुत्केरी आमा र वालवालिकाको ज्यानलाई मध्यनजर गरी **विषेशज्ञ सेवा(CS) सहित सामान्य सल्याकृया सेवा प्रवाह** गरि सञ्चालनमा ल्याइनेछ । स्त्री रोग विषशेज्ञ सेवालाई थप प्रवाभकारी बनाउदै लगिनेछल ।
२. **"भरोसा होस नगर माथी, गाउँ घरमा स्वास्थ्य कर्मी साथी"** भन्ने नाराका साथ रास्कोट भित्रका सम्पुर्ण नागरिकहरुलाई घर घरमा स्वास्थ धुम्तीसेवा मार्फत एक महिनाको एक पटक पुग्ने गरी **"मेयर हेल्थ केयर कार्यक्रम"** निरन्तरता दिइनेछ ।
३. रास्कोट अस्पताललाई स्वास्थ्य बिमा कार्यक्रमसंग आबद्ध गरी स्वास्थ्य बिमा कार्यक्रम संचालन गरिनेछ।
४. नगरपालिकामा निर्माणाधिन अवस्थामा रहेको १५ शैयाको अस्पताल निमार्ण कार्यलाई सम्पन्न गर्नका लागि संघ र प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ ।
५. **" हाम्रो व्यवहार, स्वस्थ परिवार"** भन्ने नारालाई आत्मसाथ गर्दै नगरपालिकाका सम्पुर्ण स्वास्थ्य संस्था तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा बर्थिङ्ग सेन्टर स्थापना गरि पूर्ण सँस्थागत सुत्केरी हुने नगरपालिकाको रुपमा स्थापित गरिनेछ ।
६. शहिद परिवार, घाइते तथा अपाङ्गता भएका र विपन्न परिवारलाई विशेष सहुलियत सहितको स्वास्थ्य उपचारको व्यवस्था मिलाउन पहल गरिनेछ ।
७. नेपाल रेडक्रस सोसाईटी संगको समन्वयमा रास्कोट अस्पतालमा ब्लड बैंक स्थापना गर्न आवश्यक पहल गरिनेछ।
८. महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविकाहररुलाई उपलब्ध हुदैं आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।
९. किशोर किशोरी लक्षित गरी प्रजनन स्वास्थ्य सम्बन्धि चेतनामुलक कार्यक्रम संचालन गरिनेछ । साथै किशोर किशोरी मैत्री स्वास्थ्य संस्था स्थापना गरिनेछ ।
१०. संविधानमा मौलिक हकका रुपमा रहेको गुणस्तरिय स्वास्थ्य सेवा सवै नागरिकको सहज पहुचमा पुग्नेगरी प्रवाभकारी रुपमा उपलब्ध गराउने एवं आधारभुत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराईनेछ र गुणस्तरिय तथा स्वास्थ्य बर्धक खाद्य पदार्थको प्रर्वद्धन र प्रयोग मार्फत कुपोषणलाई न्यूनिकरण गर्दै यस नगरपालिकालाई पोषण युक्त नगरपालिका बनाउने कार्य अगाडी बढाउन म स्वस्थ मेरो नगरपालिका स्वस्थ भन्ने अवधारणा कार्यान्वयन गर्दै लगिनेछ ।
११. नगरपालिका क्षेत्रभित्र प्रत्येक वडावासीको पहुँच पुग्ने गरी घुम्ती स्वास्थ्य शिविर मधुमेह, उच्च रक्तचाप, मृगौला, क्यान्सर, मुटु रोग, आङखस्ने समस्या जस्ताहरुको निशुल्क स्वास्थ्य परिक्षण शिविर संचालन गरिनेछ ।
१२. प्रत्येक बालवालिकाहरुले पूर्ण खोप पाउनु उनीहरुको नैसर्गिक अधिकार हो भन्दै जन्मे देखि २३ महिना सम्मका बालवालिकाहरुलाई पूर्ण रुपमा गुणस्तरिय खोप सेवा संचालन गर्न खोपकेन्द्रहरुको भौतिक अवस्था क्रमिक रुपमा सुधार गर्दै भ्याक्सिन सवसेन्टर स्थापना गरी पूर्णखोप सुनिश्चित नगरपालिका घोषणा गरिनेछ ।
१३. यस नगर क्षेत्रमा हुन सक्ने दैवी प्रकोप तथा महामारीको समयमै ब्यवस्थापन गर्नका लागि सम्बन्धित सरोकारवालाहरु सँग समन्वय गरि सोको ब्यवस्थापन गरिनेछ ।

१४.महिला स्वास्थ्य स्वमसेवीकाहरुको मनोवल उच्च हुने खालका प्रोत्साहन मूलक  कार्यक्रमहरु संचालन गरिनेछन।

१५.सुनौलो १००० दिनका आमा, सुत्केरी र गर्भबतीलाई लक्षित गरी स्वास्थ्य तथा पोषणका कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ  साथै पोषण युक्त वडा घोषणाको कार्यक्रमलाई अगाडि बढाइनेछ।

१६.नगर क्षेत्रमा स्वास्थ्य वीमा कार्यक्रमलाई वढी प्रभावकारी र आम जनतासम्म पुऱ्याई उक्त कार्यक्रमवाट अधिक लाभ लिनका लागि पहल गरिनेछ।

१७."स्वस्थ शीबिर स्वस्थ दिमाग" भन्ने नारालाई ध्यानमा राखी २१ वर्ष मुनिका वालवालिकालाई धुम्रपान,मद्यपान तथा लागुपदार्थवाट टाढा राख्न प्रेरणादायी शैक्षिक कार्यक्रम संञ्चालन गरिनेछ।

१८.अनियन्त्रित रुपमा विक्री वितरण भईरहेको मदिरालाई नियन्त्रण गरी निश्चित ठाउँमा मात्र विक्री वितरण केन्द्र तोकी व्यवस्थित गरिनेछ।

१९.गुणस्तरीय तथा स्वास्थ्य प्रर्वद्धक खाद्य पदार्थको प्रर्वद्धन र प्रयोग मार्फत कुपोषणलाई न्युनीकरण गर्दै लगिनेछ साथै सवै बालबालिकाहरुको पूर्ण बृद्धि अनुगमन सहित तोकिएका सुचकाङ्कहरु पुरा गरी पोषणमैत्री वडा घोषणा गर्दै नगरपालिकालाई घोषणाको आधार तयार पारी  पोषण मैत्री नगरपालिका बनाईनेछ।

**खानेपानी तथा सरसफाई**

१.  खानेपानी तथा सरसफाई तथा स्वच्छता वास योजनानुसार प्रथमिमताका आधारमा सुरक्षीत खानेपानी धोषणालाई निरन्तरता दिइनेछ।

२. नगरपालिका भित्रका नागरिकहरुका लागि **"स्वच्छ खानेपानी स्वस्थ जिन्दगानी"** भन्ने नारालाई अवलम्वन गदै अल्पकालिन तथा दिर्घकालिन योजना तथा कार्यक्रम निरन्तरता दिइनेछ। जसमा झण्डै १० किलो मिटर टाढा रहेको गेरुखोला र  तिलेल्नी खोलाको गरी दुवै मुहानलाई व्यवस्थित गरी घर घरमा पानी उपलब्ध गरिनेछ।

३.  एक घर एक धारा कार्यक्रमलाइ निरन्तरता दिइ दुई वर्ष भित्र सबै घरधुरीमा स्वच्छ खानेपानीको पहुँच पुर्याइनेछ।

४. बृहत खानेपानी आयोजना  निरन्तरताका साथै बिस्तार गरी सञ्चालनमा ल्याइनेछ।

५. मुहान देखी मुख सम्म खानेपानीको सुद्धता कायम गर्न परिक्षणलाई अनिवार्य गरिनेछ।

६. खानेपानिका मुग्रहा धाराहरुको संरक्षण तथा प्रर्वधन गरिनेछ।

७. खानेपानीका मुहानहरुलाई बस्तु स्थीतीका अधारमा व्यवस्थित बनाई एकिकृत गरी नगर सरकारको स्वमित्वमा ल्याइनेछ।

८. नगर भित्रका सार्वजनीक स्थानहरुमा खानेपानी धाराको व्यवस्था गरी सार्वजनीक शैचालय निर्माण गरिनेछ।

९. सम्बन्धीत टोलमा उपलब्ध जनप्रतिनिधिको नेतृत्वमा नगर प्रहरी सहितको टोल सार्वजनिक स्थल तथा बजार वरिपरीका सरसफाई गर्न  कम्तीमा **महिनाको एक पटक सरसफाई अभियान** सञ्चालन गरिनेछ।

१०.बजार क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न  नगरपालिकामा एक ड्याम्पीङ्ग साइट बनाइनेछ।

११.**"स्वच्छ सुन्दर र सफा रास्कोट हाम्रो शान, फोहोरको व्यवस्थापन मुख्य अभियान"** भन्ने नारा अवलम्वन गरिनेछ।

१२.प्लाष्टिक तथा सिसाजन्य फोहोर उत्पादनमा न्यूनिकारण गरिनेछ।

१३.स्वच्छ पानी स्वस्थ्य जिन्दगानी को अबधारणालाई संस्थागत गर्नका नगरपालिकाका सवै क्षेत्रमा स्वच्छ खानेपानीको व्यवस्थापन र सरसफाईको क्षेत्रमा कार्य गर्ने दातृ संस्था एबं गैर सरकारी संस्था संग समन्वय बढाई नगरपालिकाबाट पनि उक्त कार्यको शुरुवात गरिनेछ।

१४.नगरपालिकामा खानेपानी वितरण प्रणालीलाई व्यवस्थीत एन.वास प्रणालीमा प्रविष्ट गरी  एक संयन्त्र वनाई नगरको स्वमित्वमा लगि वितरण गरिनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**महिला ,बालबालिका तथा जेष्ठ नागरिक**

१. जेष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, असहाय, एकल महिला लगायत लक्षित वर्ग तथा सिमान्तकृत समुदायहरुलाई लक्षित गरी **"उप प्रमुख संग लक्षित वर्ग सशक्तिकरण कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।

२. सक्षम नागरिक निर्माण गर्न सामाजिक कु प्रथाको अन्यको लागि यस बर्ष बालश्रम, बालबिवहा मुक्त नगरपालिका बनाउन पहल गरिने छ ।

३. भौतिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने तथा अपाङ्ग व्यक्तिहरुको लागि सशक्तिकरण गर्ने नीति लिईनेछ

४. पालिका स्तर ,वडा स्तर तथा समुदाय स्तरमा गठन गरिने विभिन्न संजाल, समुह तथा समितिहरुमा महिला,  दलित, अपाङ्गता भएका व्यत्तिहरु, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायको समानुपातिक र समावेशि सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गरिने छ ।

५. पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशी देखाएका समस्याहरुको समाधानको लागि मुलप्रवाहिकरण योजना कार्यान्वयन गरिने छ ।

६. लैगिंक हिंसा, मानव वेचविखन, वालविवाह, वहु विवाह तथा छाउपडी जस्ता कुप्रथा जस्ता सामाजिक विकृति तथा अपराध जन्य कार्यलाई न्यूनीकरण र निरूत्साहित गर्ने शुन्य सहनशीलताको नीति लिइनेछ।

७. लैगिंक हिंसा कोषको स्थापना गरी संचालनमा ल्याइनेछ ।

८. नगरका किशोरीहरुका लागि आत्म सुरक्षा तालिमको ब्यवस्था गरिनेछ ।

९. महिला तथा एकल महिलाहरुलाई आत्मनिर्भर बनाउन सिप बिकास र उद्यमशीलता तालिम बाट आर्थिक विकास तथा स्वाबलम्बन  गरिनेछ ।

१०.जेष्ठ नागरिकहरूको सम्मानपुर्ण र व्यवस्थित गास वास र कपासको व्यवस्था सुनिश्चितता गर्दै नगरपालिका क्षेत्रमा जेष्ठ नागरिक आरोग्य केन्द स्थापना गर्ने नीति लिइने छ ।

११.नगरपालिकामा बसोबास गर्ने महिला ,दलित ,अपाङ्गता भएका व्यत्तिहरु, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायका व्यत्तिहरुको खण्डिकृत तथाङ्क संकलन गर्ने र नियमित रुपमा अध्यावधिक गरिने छ ।

१२.लिङ्गमा आधारित हिंसा र भेदभावपूर्ण व्यवहार विरुद्धका हरेक कृयाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको अर्थपूर्ण सहभागिता पुर्याउन प्रत्येक मावि विद्यालयहरुमा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

१३.छाउपडि प्रथाजन्य कुरितिबाट प्रभावित महिला तथा बालबालिकाहरुको स्वास्थ्य तथा पोषण सम्बन्धमा जनचेतना अभिवृद्धिका कार्यक्रम संचालन गरिने छ ।

१४.हिंसा पिडित महिलाको तत्काल बसोवासको ब्यवस्था मिलाउन प्रदेश सरकारसंग समन्वय गरि महिला सुरक्ष गृह स्थापना गरिने छ साथै महिला हिंसामा परेका चेलीहरुलाई परामर्श तथा परैवी सेवा प्रदान गर्न परामर्श तथा पैरवी केन्द्रको स्थापना गरिने छ ।

१५.गरिव, पिछडिएका वर्ग, द्धन्द्ध पिडित, मुक्त हलिया, जेष्ठ नागरिक, अनाथ लगायत, दलित र अपाङ्गगता भएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लगिने छ ।

१६.अपाङ्गता भएका व्यक्तिहरूका लागि सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै असक्त बहुअपाङ्गता भएका व्यक्तिहरुको लागि विभिन्न सरकारी तथा गैर सरकारी निकाय तथा संस्थाहरूको सहयोगमा समुदायमा आधारित पुनस्थापना गृह निर्माणका लागि पहल गरिनेछ ।

१७.वास्तविक अपाङ्गताको तथ्यांङ्क (संख्या, सिप, क्षमता) संकलन गरीने छ र अपांगता परिचयपत्र बितरण कार्यबिधि २०७५ बमोजिम अपांगता भएका ब्यक्तिहरुलाई परिचयपत्र लगायतका स्थानीय सरकारले प्रदान गर्ने सेवा तथा सुविधाहरु सरल तरिकाले उपलब्ध गराउन घुम्ती शिविर संचालनमा ल्याईनेछ ।

१८.समान कामका लागि समान ज्यालाको नीति अवलम्वन गरिनेछ ।

१९.मानसिकरुपमा स्वास्थ बनाउन नगरपालिकामा मनोसामाजिक परामर्श कर्ता राख्न पहल गरिनेछ ।

**समाजिक सुरक्षा ,राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण**

१. **नागरिक वडापत्रलाई अद्यावधिक गरि स्तरीय डिजिटल प्रबिधि**को प्रयोग गरिनेछ ।

२. नगरपालिकाका नागरिकहरुलाई राष्ट्रिय परिचय पत्र वितरण गरिनेछ ।

३. व्यक्तिगत घटना दर्ता प्रणालीका माध्यबाट मृत्यु, जन्म दर्ता, बिवहा, बसाइ सराईलाइ पुर्णरुपमा अनलाइनद्धारा प्रमाण पत्र वितरण गर्न कर्मचारीको क्षमता विकास गरी तत्काल कार्यन्वयमा ल्याइनेछ ।

४. वडा कार्यालयलाई व्यवस्थीत बनाई सेवा प्रवाहमा गुणस्तर ल्याइनेछ ।

५. वडा कार्यालयका सबै सिफारिसहरुलाइ सफ्टवयरको माध्यमबाट अनलाइन द्धारा वितरण गरिनेछ ।

६. ६८ बर्ष भन्दा माथीका जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई घर दैलो बैंकिङ प्रणाली मार्फत **घुम्ति सेवा दिई घर आँगनमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई निरन्तरता** दिइएको छ ।

७. सामाजिक सुरक्षा प्रणालीलाई ब्यबस्थीत बनाउन अनलाइन प्रणाली सम्बन्धी सुदृढीकरण गर्न वडा सचिबहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

८. रास्कोट नगरपालिका विपन्न नागरिकहरुको पहिचान गरी विपन्न परिचय पत्र वितरण गरिनेछ ।

**पूर्वाधार विकासः उर्जा, सञ्चार, स्थानीय सडक, पुल, सिंचाई, खानेपानी पूर्वाधार, भवन तथा सहरी विकास**

**स्थानीय सडक तथा पुल**

१. नगरपालिकाका कम्तीमा पाँच वटा वडाहरुको भवन निर्माण गरिनेछ ।।

२. नगरपालिकाका प्रमुख पूर्वाधार विकासका लागि आवश्यकता अनुरुप बजेट विनियोजन गरिनेछ । चालु आ.ब.का अधुरा, क्रमागत योजनाहरु, आयोजनाको निरन्तरता र नयां आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकता दिईनेछ ।

३. देउरा मालिका सडकलाई स्तरउन्नती गरी वडिमालिका सम्म पुर्‍याउनका साथ निर्माण कार्यलाई प्राथमिकता दिईनेछ

४. नगरपालिका भित्रका सम्पुर्ण गोरेटो र घोरेटो बाटोलाई पि.सि.सि र आर.सि.सि बनाईनेछ ।

५. यस नगरपालिकाका अधिकांश बस्तीहरुमा सडक सञ्जालले जोडिईसकेकोले उक्त सडकहरुलाई स्तरोन्ती गर्नका लागि पहल गरिनेछ ।

६. सबै प्रकारका सडकहरूको नक्शाङ्कन गरी राष्ट्रिय मापदण्ड अनुसार सडकहरूको क्षेत्र निर्धारण हुनेगरी नगर यातायात गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

७. नेपाल सरकारद्धारा निर्धारण गरिएको मार्गदर्शन एवं राष्ट्रिय भवन निर्माण संहिता समेतका आधारमा निर्धारण गरिएको भवन निर्माण सम्वन्धि मापदण्डलाई आधार मानी स्थानीय आवश्यकताका आधारमा समग्र सहरी विकास तथा भौतिक पूर्वाधार निर्माणलाई अगाडि वढाईनेछ ।

८. नगरपालिकालाई योजना बद्ध ढंगले विकास गर्न भु–उपयोग नीति निर्माण गरी कृषी उत्पादन क्षेत्र, औद्योगिक क्षेत्र, आवास क्षेत्र , हरियाली क्षेत्र, खुला क्षेत्र, धार्मिक क्षेत्र, वजार क्षेत्र, औद्योगिक क्षेत्र समेतको आवश्यक क्षेत्रहरुको पहिचान गरी विषेश क्षेत्र निर्धारण गर्ने र हरित, उत्थानशील तथा समावेशी विकास (Green Resilient and Inclusive Development) को अवधारणालाई शुरु गराउन पहल गरिनेछ ।
९. "आवश्यकता र प्रतिफल" भन्ने नीतिका आधारमा सबै वडाहरुमा विकास निर्माण कार्यलाई अगाडी बढाईनेछ ।
१०. विभिन्न पूर्वाधार निर्माण योजनाहरुको नियमित संचालन गर्न मर्मत सम्भार, संचालन र ब्यवस्थापनको लागि नगर मर्मत सम्भार कोष संचालन गरिनेछ र बास्तविक आवश्यकताको आधारमा योजनाहरुको मर्मत संचालन गरिनेछ।
११. नगरयोजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा फरफारक गर्दाको नीति अवलम्बन गरिनेछ ।
१२. नगरपालिका भित्र नक्सापाश नगरी वनाएका घरहरुको नक्सापासको प्रक्रिया अगाडि वढाई अभिलेखिकरण गरी नियमित गरिने छ । साथै नक्सापासको प्रकृयालाई अझै प्रभावकारी बनाई लागु गरिनेछ ।
१३. स्थानीय पूर्वाधार विकास आयोजना(LISP) निमार्ण गर्दा जलवायु उत्थानशिल, हरित पुर्नलाभ, उत्पादनशिल, विपद व्यवस्थापन र श्रममा आधारित आयोजनालाई प्रथमिकता दिने नीति लिई कार्यन्वयन गरिनेछ ।
१४. रास्कोट नगरपालिकामा बसपार्क निर्माणका लागि पहल गरिनेछ ।
१५. रिङरोडको बाँकी ट्याक खोल्ने काम पुरा गरि क्रमशः कालोपत्रे प्रकृया अगाडी बढाइनेछ ।
१६. बजार क्षेत्रका सडक बिस्तार र कालो पत्रे गर्ने हरित र वतावरण मैत्रिसडक निर्माण गर्ने नीति लिइनेछ ।
१७. देउरामालिका सम्मको सडको स्तरोउन्नती गरि त्रिवेणी सम्मको सडक निर्माणका लागि संध र प्रदेश सरकार संग आवश्यक पहल गरिनेछ ।
१८. तुसार खोला चौथा खोला बगाने खौला लडेखोला र फुगाड खोला रहेका सडकमा पुल निर्माण प्रक्रिया अगाडि वढाइने छ ।
१९. छिमेकी पालिका **सान्नी त्रिवेणीसँग सहज आवतजावतका लागि झोलुङ्गे पुल** निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

**सिंचाई**

**१** रास्कोट नगरपालिकाका भित्रका खेतियोग्य जमिनलाई सिचाईको पहुँचमा ल्याउन साविकको तिनवटा गाविस ( सिप्खाना,स्यूना र फुकोट)का मुख्य तिन वटा पक्की कुलाहरु निर्माण गरिनेछ ।
२ विगत वर्षको बाढी पहिरोले क्षति भएका सिंचाई कुलाहरुको पुन निर्माण प्रकृयालाई अगाडी बढाइनेछ ।
**३** विद्यमान सिंचाईका पूर्वाधारहरुको मर्मत सम्भारका साथै थप आयोजनाहरु कार्यन्वयमा जोड दिइनेछ ।
४ सिंचाई र खानेपानीको आवश्यक परिपुर्ति गर्न र उक्त योजनाको दिर्घकालीन योजनाका लागि खानेपानी श्रोत व्यवस्थापन योजना सम्बन्धि अध्ययन गरि अगाडी बढाईने छ ।
५ मुलमा भएको पानीलाई खेतमा पुर्याउनका लागि जलआधार क्षेत्र पहिचान गरिनेछ ।
६ कृषिका पकेट क्षेत्रहरुका लागि अनिर्वाय सिचाईको सुनिश्चित गर्न आवश्यक संरचना निर्माण गरिनेछ ।
७ आधुनिक सिंचाई प्रबिधिहरुको प्रयोगबाट जल सदुपयोग रणनीती अपनाइनेछ ।

**उर्जा**

१. कुनैपनि नागरिकलाई विधुत (उज्यालो)बाट बन्चीत वनाईने छैन ।
२. रास्कोट नगरपालिका भित्रका विधुतीकरण हुन बाँकी बस्तीहरुमा विधुत प्रशारण लाइन यथासिघ्र पुर्याइनेछ ।
३. वैकल्पीक उर्जाका माध्यमबाट रास्कोटका मुख्य सडकहरुमा वत्ती जडान कार्य निरन्तरता दिइनेछ ।

४. रास्कोटको प्रत्येक घर धुरीमा आधुनिक सुधारिएको चुलो वितरण गरी सोको प्रयोगबाट हुने कार्वन उत्सर्जनको कमीलाई अभिलेखीकरण गरी कार्वन ट्रेडसंग आबद्ध गरिने कार्यको निरन्तरता दिइनेछ ।
५. सञ्चालनमा रहेका लघुजल विधुत र सौर्य उर्जा आयोजनालाइ निरन्तरता दिदै तिनको संरक्षण र बिस्तार गरिनेछ
६. विधुत महसुल काउन्टर नगरपालिकामा स्थापना भइ सकेकाले थप सेवा विस्तार गरिनेछ ।

**सञ्चार**

१. सुचना प्रवाह कार्यक्रम SMS Aleart का माध्यमबाट सबै क्षेत्रमा दुर्त गतिमा सुचना प्रवाह गरिनेछ ।
२. रास्कोट नगरपालिकालाई सूचना तथा प्रविधि मैत्री नगर बनाउनका लागि आवश्यक संरचनाको कार्यसम्पन्न गरिनेछ।
३. गुनासो सुनाई कार्यलाई कार्यन्वयन गर्न **हटलाइन सेवा** सुचारु गरी **"हेलो मेयर कार्यक्रम"** निरन्तरता दिइनेछ ।
४. एक वडा एक सार्वजनिक क्षेत्रमा **फ्रि वई फाई** जोन घोषणा गरिनेछ ।
५. नगरपालिका भित्रका सबै सेवा कार्यालयहरुका क्रियाकलापहरुमा अनिर्वाय अनलाइन प्रणालीको माध्यमबाट सेवा प्रवाहलाई निरन्तरता दिइनेछ ।
६. सेवा प्रवाहका लागि वेभसाइट, फेस बुक, मोबाइल एप्स द्वारा थप सूचना प्रवाह गरिनेछ ।
७. साईवर सुरक्षा प्रणाली लागु गदै कार्यालय तथा विद्यालय समय अवदिको अधिकतम सदुपयोग गर्न सामाजिक संजालमा (फेस बुक, टिक टक, युवटुव ) रोक लगाईनेछ ।

**भवन तथा सहरी विकास**

१. नगरपालिकाको निर्माणाधीन प्रशासनिक भवन बाट सरल सहज रुपमा एकिकृत सेवा प्रवाह गरिनेछ
२. यस आ व मा पाँच वटा वडा कार्यालयहरुको प्रशासनिक भवन सम्पन्न गरिनेछ र क्रमश सबै वडा कार्यालयहरुको भवन, निर्माण गर्नको लागि संघीय सरकार र प्रदेश सरकारसंग अनुरोध गरिनेछ ।
३. सहरी विकास तथा भवन निर्माण आचारसंहिता २०७२ लाई कार्यन्वयनमा ल्याइनेछ ।
४. हालसम्म निर्माण भएका सबै प्रकारका घरहरुलाई नगरपालिकाको नियम अनुसार अभिलेखीकरण गरी प्रमाणीकरण गर्ने कार्य अघि बढाइनेछ ।
५. आर. सि. पि. बजारलाई व्यवस्थित गर्न गुरुयोजना निर्माण गरी कार्यन्वयन गरिनेछ ।
६. रास्कोट नगरपालिका र संघीय सरकारको सहकार्यमा व्यपारिक कम्पलेक्स भवन निर्माणका लागि पहल गरिनेछ ।

**यातायत**

१. रास्कोट नगरपालिका भित्रका सम्पूर्ण नागरिकलाई यातायातमा सुविधा ल्याउन नगर प्रहरी द्वारा चेक जाँच कडाई गरिनेछ ।
२. नगरपालिकाका यातायतका साधनहरुलाई व्यस्थित बनाउन आवश्यक संयन्त्र बनाई एकद्धार प्रणालीद्धारा कार्यन्वयनमा ल्याइनेछ ।
३. दुर्घना न्यूनीकरण गर्न गाडी चालक तथा सहचालकहरुलाई अभिमूखीकरण कार्यक्रम गरिनेछ ।
४. चालकलाई उमेर र अनुभवको हतवन्दी लगाईने छ ।

**नगरसभाका सदस्य ज्यूहरु**

**सुशासन तथा संस्थागत विकास**

१. नगर कार्ययोजना वनाई नगरकार्यपात्रो तयार गरिनेछ ।

२. कार्यक्रम सञ्चाल अवधिभर मदिरा सेवन पुर्णरुपमा वन्देज लगाईने निति लिईनेछ।
३. सुशासन प्रर्वद्धनका लागि **"मुस्कान सहितको सेवा"** भन्ने मुल नारालाई रास्कोट नगर कार्यापालिका भित्रका सम्पूर्ण सेवा प्रदायक कार्यालयहरुमा निरन्तरता दिइनेछ।
४. अन्तरपालिका भगेनी सम्बन्ध विस्तार गर्न पहल गरिनेछ।
५. प्रदेश निर्वाचन क्षेत्र 'ख' का नागरिकलाई सार्वजनिक सेवा प्रवाह सहज बनाउन रास्कोट नगरपालिकामा **इलाका प्रशासन कार्यालय** स्थापनाका लागि संघ तथा प्रदेश सरकारसंग पहल भइरहेको छ।
६. पूर्वाधार निर्माणका कार्यहरुलाई सहज बनाउन **एक वडा एक प्राबिधिकको** व्यवस्थालाई निरन्तरता दिइनेछ।
७. रास्कोट नगरपालिकामा कार्यरत कर्मचारीको प्रशासनिक क्षमता विकास तालिमको व्यावस्थापन गरिनेछ ।
८. सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगरपालिकाको **एक सोधपुछ तथा हेल्प डेक्स को** ब्यवस्थापन र गुनासो पेटिकामा आएका सुझाव तथा गुनासोहरुलाई समयमै फर्चयोट गर्न कार्य **प्रवाभकारीरुमा सेवा प्रवाहलाई निरन्तरता दिइनेछ**।
९. **"उपभोक्तासँग उप प्रमुख कार्यक्रम"** मार्फत सुशान प्रवद्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
१०. उपभोक्ता समिती मार्फत निर्माण हुने आयोजनाहरुमा संलग्न कामदारहरुको ज्याला वित्तीय सेवा प्रदायक संस्थामा रहेको बैंक खाताबाट भूक्तानी गर्ने नीति लिइनेछ।
११. आयोजना मर्मत सम्भार विकास कोषको व्यवस्थापन गर्ने नीति लिई सोही बमोजिम कार्यक्रम तय गरिनेछ।
१२. सेवा प्रवाहको गुणस्तर सुनिश्चित गर्न पिरामिड आकारमा कर्मचारी तथा जनप्रतिनिधिको कार्य संम्पादन करार सम्झैता गरिनेछ
**१३.** कार्य संपादनका आधारमा कर्मचारीहरुलाई **सम्मान तथा पुस्कार र पृष्टपोषण** नीति लिइनेछ।
१४. त्रैमासिक रुपमा नगरपालिकाको सार्वजनिक सुनाई गरिनेछ।
१५. **"नगरबासीसंग नगर प्रमुख कार्यक्रम"** सञ्चालन गरी महिनामा एक दिन नगरवासीको गुनासो सुनाई गर्न टोलटोलमा साक्षत्कार गरिनेछ।
१६. हेलो मेयर कार्यक्रमलाई निरन्तरता दिईनेछ। आम नगरबासिहरुका गुनासा,सुझाबहरुलाई पैसा नलाग्ने टोल फ्रि नम्बरको भरपुर उपयोग गरिनेछ।
१७. नगरपालिकाको वेव साईडमा नगरपालिकाका गतिविधी तथा सूचनाहरु नियमितरुपमा सार्वजनिक गरी नागरिकको सूचनामा पहुँच पुर्याई। नगरपालिकावाट प्रदान गदै आएका सेवा सुविधाहरुमा यान्त्रिकिकरण गरी कम्युटरको माध्यमवाट प्रदान गरिनेछ।
१८. भौतिक पूर्वाधार योजनाको पारदर्शिता गुणस्तरियता प्रभावकारिता सरलताका साथ कार्यान्वयन गर्न तथा समयमै आवश्यक सुधार गर्न योजनाहरुको आर्थिक तथा भौतिक विवरणहरु प्रष्ट देखिने र समयमा आवश्यक सुझाव सल्लाह दिन मिल्ने गरि योजना अनुगमन कार्यलाई प्रभावकारी बनाईने छ।
१९. निर्वाचित जनप्रतिनिधी र कर्मचारीहरुकालागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन गोष्ठीलाई प्राथमिकता दिई कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन विधि प्रभावकारी र वैज्ञानिक वनाई प्रोत्साहन तथा दण्डात्मक पद्धतिका आधारमा कर्मचारीलाई सेवामुखी तथा जवाफदेही वनाईनेछ।
२०. वडाहरुमा बजेट विनियोजन गर्दा वैज्ञानिक मापदण्डका आधारमा भुगोल, जनसंख्या, लागत र पछाडिपरेका समुदायको वसोवास, राजस्व उठाउने क्षमता आदीलाई आधार बनाई बजेट बिनियोजन गरिनेछ।
२१. नगरपालिका अन्त्रगत रहेका कर्मचारीहरुको कर्मचारी कल्याणकोष परिचालन कार्यविधि वनाई कार्यान्वयनमा ल्याईनु का साथै मानव शंसाधन विकास कोष, विपद व्यवस्थापन कोष, महिला वालवालिका संरक्षरण कोष,

वातावरण संरक्षण कोष लगायत विषेश कोषहरु स्थापना गरी कार्यविधि वनाई क्रमशः कार्यान्वयन गर्नका लागि पहल गरिने छ ।

२२.सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रवद्र्धन गर्दै सेवाग्राहीहरूलाई सुशासनको अनुभूती दिलाउन नगरपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित आयोजनाहरू तथा कार्यक्रमहरूको सार्वजनिक सुनुवाईलाइ निरन्तरता दिइने छ साथ साथै योजना सूचना पाटीलाई व्यवस्थित गदै  कामका आधारमा रकम भुक्तानी गरिने नीति लिइनेछ ।

२३.नगरपालिकावाट संञ्चालित आयोजना तथा कार्यक्रमलाई छिटो छरितो एवं प्रभावकारी रुपमा संञ्चालन गर्नका लागि प्रत्येक आ.व.को वैशाख मशान्त भित्र सम्पन्न गरी सो को भुक्तानि तथा फरफारक गर्नेगरी कार्य योजना तयार गरी कार्यान्वयन गर्ने नीति अवलम्वल गरिने छ ।

२४.पेश्की, वेरुजु र भ्रष्टाचार विरुद्ध शुन्य शहनशिलताको नीतिलाई अवलम्वन गरिनेछ ।

२५.पालिकाले गरेको असल अभ्यासको सार्वजनिक गर्न त्रैमासिक रुपमा नगर बुलेटिन प्रकाशन गरिने छ ।

२६.पालिका सबै वडाहरुमा नेटको सुबिधालाई ब्यवस्थित गरिने नीति लिईने छ ।

२७.सि सि टि भि को माध्यमबाट प्रबिधिमैत्री सुरक्षा नीति लिइने छ ।

२८.पालिकामा आवश्यक बिभिन्न ऐन ,नीमावलि,कार्यबिधी निर्माण गरि लागु गरिने छ ।

२९.नगरक्षेत्रभित्र कालो बजारी, कृत्रिम अभाव, एकाधिकार सृजना गर्ने व्यवसायीलाइ कारबाही गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गरि अघि बढिनेछ । साथै बजार अनुगमनको कार्यलाइ तिब्रताका साथ निरन्तरता दिइने छ ।

३०.नगरका सेवा र सूचनाहरु अनलाईन मार्फत प्रवाहित गरी सेवा र सूचनामा सबैको पहुँच पुर्याईनेछ ।

३१.सुशासन, सूचनाको हकको प्रत्याभूति र जवाफदेहीताका विभिन्न संयन्त्र तथा औजारहरुको अभ्यासका लागि नागरिक सहभागिता, नागरिक समाज र सञ्चार क्षेत्रको भूमिकालाई प्रोत्साहित गर्ने खालका योजनाहरुलाई प्रोत्साहित गर्ने खालका कार्यक्रम गर्ने र सुशासनको क्षेत्रमा काम गर्ने संस्थालाई सहयोग गरी असल अभ्यासहरुलाई प्रवद्र्धन गर्ने ।

३२.नगरपालिका सस्थागत स्वमूल्याकंनको नतिजाको आधारमा राम्रा अभ्यसहरुलाई  निरन्तरता दिदै  सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयमा तिव्रता ल्याइनेछ ।

३३.पालिकाको  समग्र योजनाबद्ध बिकासका लागि मध्यकालिन खर्च संरचना निर्माण गरि यसैका आधारमा विषयगत रणनितिक योजना तथा वार्षिक योजना तयार गर्ने पद्धतिको विकास गरिनेछ ।

३४.नगरपालिकाका भित्र गठन भएका सबै टोल विकास संस्थाहरुको क्षमता बिकासका कार्यक्रम संचालन गरि योजना तर्जुमा, उपभोक्ता समिती गठन, सार्वजनिक परिक्षण तथा अनुगमन कार्यमा कार्यमा परिचालन गरिनेछ ।साथै टोल वस्तमि समाजिक सहिष्णुता कायम गर्न एव सामजिक कुरितिहरुको उल्मुलन गर्न परिचालन गरिने छ ।

३५. टोल बिकास संस्थाहरुको क्षमता बिकास गरि पालिकाको सेवा प्रबाहमा सहयोगीको रुपमा परिचालन गरी गरिनेछ । टोल,बस्ति,वडाबाट आउनने योजनाहरुलाई प्राथमीकिकरण गरि कार्यपालिकाबाट अनुमोदन गरिने नीति अवलम्वन गरिने छ ।

३६.उपभोक्ता समिति तथा टोल बिकास संस्थाका पदाधिकारीहरुलाई क्षमता बिकास तालिम संचालन गरिनेछ ।

३७.न्याय सम्पादनलाई वैज्ञानिक र प्रभावकारी वनाई सवै समुदायको पहुच वढाई समुदायमा शान्तिपुर्ण  वातावरण सृजना गर्न न्यायिक समितीको क्षमता अभिवृद्धि गरिने छ । साथै न्यायिक समितीको कार्यमा चुस्तता ल्याईनेछ ।

३८.नगरपालिकाले गठन गरेका बाल क्लब, टोल बिकास संस्था, उपभोक्ता समिति, महिला समुह, कृषि समुह, सामुदायिक बन उपभोक्ता समिति, सहकारी लगायतका संस्थाहरुलाई नगर बिकासमा परिचालनका समन्वय बढाइनेछ ।

**राजस्व**

१. नगरपालिकाको राजस्व प्रसासन सुधारको लागि राजस्व सुधार योजना अध्यावधि गरि कार्यन्वयनमा ल्याइने छ । साथै आर्थिक ऐन सांसेधन गरिनेछ र  कर ऐन कार्यान्वयनमा ल्याइनेछ ।
२. रास्कोट नगरपालिकाका सम्पुर्ण कर दाताहरको तत्थ्याङ्क संकलन गरि अभिलेख अध्यावधीक गरिने छ । राजस्व परिचालन गर्न बिभिन्न निकासंग समन्वय गरिने छ ।
३. करका दायरामा वृद्धी गरिनुका अतिरिक्त नगरपालिकाको स्वायत्त अधिकार क्षेत्रभित्र रहने  कर दस्तुरका वृहत क्षेत्रहरुको पहिचान सहित संकलन तथा व्यवस्थापनमा उपयुक्त नीति अपनाई श्रोत साधनको परिचालन गरिने तथा साविकको  आन्तरिक श्रोत वृद्धीगर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।
४. आन्तरिक राजस्व वृद्धीका लागि व्यवसाय करमा सार्वजनिक निजी साँझेदारीको अभ्यास अगाडी वढाईनेछ ।
५. नगरक्षेत्र भित्र संञ्चालनमा रहेका उद्योग व्यवसायलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी वनाउन कर जागरण कार्यक्रम सञ्चालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिईनेछ ।
६. व्यवसाय कर, वहाल कर तथा अन्य श्रोतको लगत अध्यावधीक गरिदै लगिनेछ ।
७. आन्तरिक राजश्व बृद्धिका लागी व्यवसाय कर, मालपोत कर, बहाल कर तथा बहाल बिटौली करको दायरा बढाउने नीति लिईनेछ ।
८. महालेखा परिक्षकको कार्यालयले औंल्याएका बेरुजुहरु समयमै फर्छौट गर्न तदारुकताकासाथ कार्य गरिने छ । पालिकालाई बेरुजु शुन्य तथा वित्तिय अनुशासित नगरपालिका बनाउने नीति अवलम्वन गरिने छ ।
९. कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो भन्ने सोच विकास  तथा कर कानूनको पालना गर्न करदाता साक्षरता कार्यक्रम संचालन गरिनेछ ।
१०.राजश्व प्रणालीलाई नगरपालिका तथा वडा कार्यालयहरुमा अनिबारे अनलाईन पद्धतिबाट भुत्तानी गर्न सकिने आवश्यक कार्यलाई अघि बढाई राजश्व चुहावटलाई पुर्ण नियन्त्रण गरिनेछ ।
११.कर तथा राजश्व समय मै तिर्ने नागरीकहरुलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
१२.नगरबासीलाई कर तथा राजश्वका बारमो साक्षरता अभियान संचालन गरिनेछ ।
१३.करका दायराहरु पहिचान तथा परिचालन गर्नका लागि पालिकाको राजश्व सुधार योजनालाई अध्यावधिक गरिनेछ।
१४.नगरपालिका भित्र रहेका बस्तु तथा सेवा प्रदायक सबैलाई अनिवारे  करको दायरामा ल्याईनेछ ।

**सेवा प्रवाह**

१. सेवाको वरिपरि नागरिक नभइई नागरिकको वरीपरी सेवा भन्ने सोचको बिकास गर्दै आवश्यकता अनुसार नाागरिकहरुको घर दैलोमै सेवा दिन कार्यक्रमलाई घुम्ती सेवा मार्फत थप प्रवाकारी  बनाइने छ ।
२. सेवा प्रवाहको न्युनतम मापदण्ड नमुनाको रुपमा तयार सो को कार्यान्वयन प्रणाली वनाई सर्वसुलभ सेवा प्रवाह गरिनेछ ।
३. पालिकाको संस्थागत स्वमूल्यांकन को नतिजाको आधारमा राम्रा अभ्यसहरुलाई  निरन्तरता दिदै  सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयमा तिव्रता ल्याइनेछ ।

४. पालिकाले चौमासिक रुपमा नागरिक समाजका सस्थाहरु संग अन्तरक्रिया गरि सुझावहरु लिनेछ साथै यस पालिकामा काम गर्ने विकास साझेदारहरु संग समेत चौमासिक रुपमा विकास गतिविधिको समिक्षा गदै सिकाई आदान प्रदान गर्ने कार्यलायई प्राथमिकताका साथ लागूगरिनेछ।

**स्थनीय तथ्यांक संकलन र अभिलेख ब्यबसथापन**

१. नगरपालिकाका बिभिन्न क्रियाकलाप र गतिबिधी समेटिएका खबरहरू, प्रकाशित समाचार, सुझाबहरु संकलन गरि नगर बुलेटिन प्रकासन गरिनेछ साथै नगरपालिका सम्बन्धी सूचना तथा जानकारीहरु प्रकाशित गर्न संचार माध्यमहरुलाई सूचना प्रवाह गरिनेछ।
२. राजश्व चुवाबाट न्यूनीकरण गर्न राजश्व संकलनलाई अनलाइन प्रविधिमा आवद्ध गरिनेछ।
३. वित्तीय जोखिम न्यूनीकरण गर्न अनलाइन माध्यबाट भुक्तानी गरिनेछ।
४. सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा सुबिधामा समय सापेक्ष पुनरावलोकन गरी सेवा करारलाई निरन्तरता दिइनेछ।
५. नगर भित्रका सेवा कार्यालयहरुमा अनिर्वाय सिसिटिभि जडान गरी प्रत्यक्ष निगरानीको व्यवस्था गरिनेछ।
६. आयोजनाहरुको सुचीकरण गरी **"योजना बैंक"** तयार गर्ने र आगामी आर्थिक वर्षहरुमा सोही योजना बैंकबाट आयोजना छनौट गरी कार्यान्वयन गर्दै लैजाने नीति अबलम्बन गरिनेछ।
७. नगरपालिकामा लेखापरीक्षण समिति गठन र क्रियाशिल गराई लेखा परीक्षण एवं बेरुजु फछर्यौटलाई प्रभावकारी गराईनेछ।
८. बजारमा हुनसक्ने अस्वस्थ प्रतिस्पर्धा, एकाधिकार, मिसावट, अवैध भण्डारणलाई नियन्त्रण गर्न समय समयमा बजार अनुगमन र नियमन गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनुका साथै कृतिम अभाव र कालो वजारलाई गरि कार्वाही गरिनेछ।
९. रास्कोट नगरपालिकामा कार्यसञ्चालनका लागि गैरसरकारी संघ संस्थालाई एकद्वार नीति द्धारा नियमन गरिनेछ ।
१०.नगरपालिकाभित्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन नेपाल प्रहरी र अन्य सुरक्षा निकायहरुसँगको सहकार्यलाई प्रभावकारी बनाईनेछ। सुरक्षा संवेदनशील भएका स्थानहरुमा प्रहरी विट स्थापना गर्ने, सुरक्षा निगरानी वृद्धि गर्ने र मुख्य बजार क्षेत्रहरुमा सिसिटिभि जडान र विस्तार गरिनेछ।
११.नगरपालिकाको समग्र बस्तुस्थिती झल्काउने नगर पश्वचित्र तयार गरिनेछ।
१२.सुचनाको हक नगरबासीलाई प्रत्याभूत गराउन नगरका सार्वजनिक स्थानहरुमा **सार्वजनिक सुचना पाटी**हरुको स्थापना गरि नगरका सम्पुर्ण गतिविधि सार्वजनिक गरिनेछ।

**वन, वातावरण तथा विपद् व्यावस्थापन**

वन, वातावरण

१. दिगो बिकासका लक्ष्यलाईहरुलाई आत्मासाथ गर्दै वन,वातावरण जलवायु, पास्थितिक जैबिक विविधताको संरक्षण गरि बिकास निमाण गर्न कार्यलाई अवलम्वन गरिने छ।

२. **"एक घर अनिवार्य पाँच विरुवा"** को नीति लागु गरिनेछ । लोप हुन गइरहेका बहुमूल्य जडिबुटी रोकथामका साथै जैविक विविधताको संरक्षण र वन क्षेत्रको व्यवस्थापनलाई उच्च प्रथमिकताका साथ निरन्तरता दिएकोछ।
३. बाढी पहिरोबाट जोगाउन भू-संरक्षण, तटबन्ध व्यवस्थापन र वृक्षरोपण कार्यलाई अगाडी बढाइनेछ ।
४. सडक किनारका खाली जमिनमा वडा तथा टोल, वस्तीको सहभागितामा वृक्षारोपण गर्दै लगिनेछ । अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा खानी र गिट्टी तथा बालुवा उत्खनन्लाई रोकी व्यावस्थित गरिनेछ ।
५. वन पैदावार, वनजंगल र वृक्षारोपण सम्वन्धी विशेष कार्ययोजना निर्माण गरी लागू गरिनेछ ।
६. खोला किनार, खोला उकास, नहर तथा कुलो किनार, सडक किनार, सार्वजानिक खाली जग्गा, पाखा वा पखेरो क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अबलम्बन गरिनेछ ।
७. वातावरणीय जोखिम न्यूनीकरण र न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन गरिनेछ ।
८. रास्कोट नगरपालिकाका क्षेत्रभित्रका सबै बाजो जमीनमा किनारमा बाँस, उत्तिस, वैस लगाएतका रुख विरुवा रोप्ने कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ ।
९. नगरपालिकाको तर्फबाट पीच/ढलान गरिने सबै सडक तथा बाटोहरुमा अनिवार्य रुपमा सडकको दायाँ बायाँ विरुवा रोप्नुपर्ने व्यावस्थालाई कडाईका साथ लागु गरिनेछ र क्रमशः सबै किसिमका सडक बाटोहरुमा दायाँ वायाँ विरुवा रोप्न प्रोत्साहन गरिनेछ ।
१०.पुनःविकीरणीय वन स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट स्थानीय समुदायको सहभागीता अभिबृद्धि गर्दै वन पैदावरबाट प्राप्त राजस्वले नगरपालिकाको आर्थिक विकासमा योगदान पुर्याइनेछ ।
११.नगरपालिकामा कम्तिमा एउटा नर्सरी स्थापना गरी वनविकास तथा सडक, नदी र सार्वजनिक जग्गाहरूमा सरोकारवाला निकायहरूको साझेदारीमा वृक्षारोपण गरिनेछ र निजी वनको अवधारणा प्रोत्साहन गरिनेछ ।
१२.जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न वार्षिक योजना तर्जुमा गर्दा विकास योजनालाई वातावरण हरित, उत्थानशिल तथा समाबेशी बिकास र नगर कायम गरी राख्नु आजको आबस्यकताका बारेमा सरोकारवालहरूको ध्यानाकर्षण गराइने छ ।
१३. रेड प्लस कार्वन सञ्चितबाट यो नगरपालिकाले अनुदान प्राप्त गर्ने सम्भावना भएकाले वन क्षेत्रको व्यवस्थापन तथा विस्तार गरी आगामी ५ वर्ष भित्र नगरपालिकालाई घरभित्रको धुवाँ रहितक्षेत्रको रूपमा विकास गर्ने अभियानलाई विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको सहयोगमा तिव्रता दिईनेछ ।
१४.नगरपालिका कार्यक्षेत्र भएका सबै गैर सरकारी संस्थाहरूको तर्फबाट कारोबारको आधारमा कम्तीमा ०.१ प्रतिशत सहभागीता सुनिश्चित गरिनेछ र उक्त कोषमा रहेको रकम प्रकोप व्यवस्थापन विशेष कोष विनियमावली तयार गरी सोही अनुसार खर्च गरिनेछ ।
१५.भू–क्षय तथा प्राकृतिक प्रकोपको दृष्ट्रिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई व्यवस्थापन योजना तर्जुमा गरी कार्यन्वयनमा जोड दिइनेछ ।
१६.नगपालिकाका सबै वडाहरुमा रहेका सामुदायिक वनहरुलाई संरण गर्नका लागि सामुदायिक वन उपभोक्ता समिति गठन गरि क्षमता बिकास गरिने छ ।

**विपद् व्यवस्थापन**

४. स्थानीय आपतकालिन सुरक्षित आवास घर निर्माणको तयारी गरिनेछ ।
५. समग्र रास्कोटको जोखिम नक्साङ्कनको मार्गचित्र तयार गरिनेछ ।
६. विपद्का योजना तयार गर्दा विपद् न्यूनीकरण र दिगो विकासका विषयमा विशेष ध्यान दिइनेछ ।

७. बिपत ब्यवस्थापनका कोषको लाई प्रभावकारीरुपमा कार्यन्वयनमा ल्याइनेछ।

८. रास्कोट नगरपालिका बाढिपहिरोको उच्च जोखिममा रहेकाले उक्त बाढिपहिरो नियन्त्रण गर्नका लागि स्थानीय सरकार निरन्तर लागि रहनेछ।

९. आकस्मिक रुपमा आई पर्ने माहामारी तथा बिपत जन्य बिभिन्न रोग ब्यादि,बाढि पहिरो र हावाहुरीलाई आकस्मिकरुपमा ब्यवस्थापन गर्न आकस्मिक कोषको ब्यवस्थापन र परिचालन गरिने छ।

१०.स्थानीय विपद जोखिम न्यनीकरण रणनितिक कार्ययोजना तथा विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरि जोखिमलाई न्यूनिकरण गर्दै लगिने छ। साथै स्थानीय विपद तथा हरित,उत्थानशिल तथा समाबेशी बिकास तर्जुमा गरि कार्यान्वनमा ल्याउनेछ। यस्ता योजना तयारी तथा कार्यान्वयन गर्न विकास साझेदार सस्थाहरु संग सहकार्य गरिनेछ।

**भुमि व्यवस्थापन तथा वस्ती विकास**

१. एकिकृतरुपमा जनता आवास अन्तर्गत वस्ती विकास गरी थप विस्तार गरिनेछ।

२. भु-उपयोग नीति जारी गरी कार्यन्वन गरिएको छ। र नगरपालिकाको दिगो विकास तथा वातावरण संरक्षणको लागि भू उपयोग नीतिको कडाइका साथ कार्यन्वयन गरिनेछ।

३. वैज्ञानिक भुमि व्यवस्थापन कार्यान्वयनमा ल्याइनेछ।

४. नगरभित्र रहेका सरकारी, सार्वजानिक, ऐलानी, जग्गाको एकिकृत लागत तयार गरिनेछ। सो कार्यका लागि विशेष समिति गठन गरी कार्य प्रारम्भ गरिनेछ।

५. **"भुमि बैंकको"** स्थापना गरी खेती योग्य बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गरिनेछ।

**विविध :**

१. रास्कोट नगरपालिका भित्रका सम्पूर्ण नागरिकको निर्जिवन दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. नगर कार्यपालिकाका कर्मचारी, पदाधीकारीहरु, राजनैतिक दल तथा सरोकारवालाहरुको क्षमता बिकास तथा नगरपालिकाको संस्थागत बिकास कार्यलाई सुदृढ गरिनेछ उक्त कार्यक्रम लागि बिभिन्न संघ संस्थाहरुसंग समन्वय गरिने छ।

३. नगरको विकासका साझेदार सस्थाहरु स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP), युनिसेफ नेपाल, साहस नेपाल, सादा नेपाल, हुरुन्डेक नेपाल, सि.एम.सि.नेपाल, फेडो नेपाल, नगर बिकास कोष, बहुक्षेत्रीय पोषण योजना लगायतका कार्यक्रम एबं अन्य संघ संस्था सहित सरोकारवालाहरुसंग समन्वय बढाइनेछ साथै समन्वय बढाउने र अन्य गैरसरकारी संस्थाहरु संगको समन्वलाई बढाउने र नगरकार्यपालिका कार्यालयमा सहजता ल्याउन NGO/INGO desk लाई थप ब्यबस्थित नगरपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर–सरकारी संस्थाहरूको लगानीलाई एक द्धार प्रणालीका आधारमा प्रोत्साहित गरिनेछ।

४. नगरक्षेत्र भित्र रहेका गैर सरकारी सामाजिक संस्थाहरुको प्रोफाईल तयार गरिनेछ।

५. मुख्य चाडपर्वको समयमा नगरवासीहरुलाई प्रत्यक्ष लाभ हुने गरि सुपथ मुल्य पसलहरु (नुन, चिनी, खानेतेल) संचालनमा ल्याईनेछ।

आदरणीय नगरसभाका सदस्यज्यूहरु

नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक, अन्तरक्रिया तथा छलफलमा उपस्थित भै हामीलाई उल्लेखनिय सुझाव, सल्लाह दिई सहयोग गर्नुहुने नगरकार्यपालिकाका सदस्यहरु, विभिन्न समितिका

संयोजक तथा सदस्यहरु, राजनितिक दलका प्रतिनिधि लगायत सम्पुर्ण समाज सेवी, वृद्धीजिवी,कर्मचारी,संघसस्था कर्मचारी महानुभावलाई विशेष धन्यवाद दिन चाहन्छु । यस नगरसभा सम्पन्न गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने नगरपालिकाका कर्मचारी संघ संस्था कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुवाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिदै समृद्ध नगरपालिका निर्माण गर्ने अभियानमा सबैको योगदानको जनआपेक्षा अनुरूप अगाडी वढ्ने विश्वास दिलाउदै नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु महत्वपुर्ण योगदानको अपेक्षा सहित सम्मनित सभावाट पास गर्न अनुरोध गर्दछु । । नमस्कार । धन्यवाद

**धर्मराज शाही (पोषण)**
**नगर सभा अध्यक्ष**
**रास्कोट नगरपालिका, कालीकोट**

## बाह्रौ नगरसभा बैठकको कार्यसूचि

## नगर सभा ११ बजे सुरु गर्ने

- सभाअध्यक्ष ज्यूको प्रवेश संगै राष्ट्रिय गान धुन बजाई सबैले उठेर सभा प्रति सम्मान प्रकट गर्ने ।
- सबैले आ आफ्नो ठाउमा आसन ग्रहण गर्ने
- सभा अध्यक्ष ज्यूबाट बैठक प्रारम्भ भएको घोषण गर्ने
- प्रमुख प्रशासकिय अधिकृतले अभनिन्दन सहित सम्मान गर्ने
- स्वर्गीय सहिद प्रति एक मिनेट मौन धारण गर्ने ।
- सभा अध्यक्ष ज्यूबाट आ.ब. २०८०।०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने ।
- प्रस्तुत नीति तथा कार्यक्रम माथि आफ्नो भनाई राख्न नगर सभा सदस्यहरुलाई ३ मिनेट समय दिने ।
- अर्को सभा दिनको ३ : ३० बजे बस्ने गरि स्थगित गर्ने ।

## नगर सभाको दोस्रो बैठक कार्यसुची

- सभा अध्यक्ष ज्यूबाट दोस्रो बैठक प्रारम्भ भएको जानकारी गर्ने
- नगर सभाका सदस्य श्री मनिराज वराल ज्यूबाट वजेट तथा आर्थिक विधेयक टेवल गरी प्रस्तुत् गर्ने
- प्रस्तुत वजेट तथा आर्थिक विधेयक माथि आफ्नो भनाई राख्न नगर सभा सदस्यहरुलाई २ मिनेट समय दिने ।
- नगर सभाका सदस्य श्री मनिराज वराल ज्यूबाट वजेट तथा आर्थिक विधेयक माथी उठेका प्रश्नहरुको जवाफ दिने ।
- सभा अध्यक्षले नगर सभामा पेश गरिने प्रस्तावित विधेयक प्रस्तुत गर्ने ।
- प्रस्तावित विधेयक माथी छलफल गर्न नगर सभा सदस्यहरुलाई समय दिने ।
- सभा अध्यक्ष ज्यूबाट आफ्नो भनाई सहित नगर सभा सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्ने र सभा समापन भएको जानकारी गराउने ।